जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक २८४ | • २०८१ साल फाल्गुन २६ गते सोमबार (10 March, Monday, 2025) | •पृष्ठ ८ | •मूल्य रु. ५।-




## योजना बेचबिखन छानबिन गर्न माग

# राज्यकोषको दुरुपयोग नरोकिए सरकार छाड्ने कांग्रेसको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवलगायत विकास सम्वद्ध केही मन्त्रीहरुले विकास योजनाहरु आफ्नो अधिनमा लिएर दलाल मार्फत बिक्री गरिरहेको बेला नेपाली काँग्रेसले छानबिन गर्न माग गरेको छ ।

काँग्रेस संसदीय दलका नेता समेत रहेका पूर्वमन्त्री कृष्णकुमार यादवले आइतबार जारी गरेको विज्ञप्तिमा योजनाहरु खरिद बिक्री भइरहेको समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् ।

मधेश प्रदेश सरकारको सर्वाधिक विकास बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको सबै योजनाहरुको कार्यादेशमा सम्बन्धित जिल्लाका पूर्वाधार विकास कार्यालयका प्रमुखहरुसित हस्ताक्षर गराएर अलगै चलानी रजिष्टर खडा गरी योजना बिक्री गरिदैछ ।

१४ अर्ब बढीको बजेट रहेको सो मन्त्रालय मार्फतका ८ वटा पूर्वाधार विकास कार्यालयबाट सम्पूर्ण कार्यादेश नियन्त्रणमा लिएर मन्त्री यादवले विभिन्न दलाल मार्फत बिक्री गरिरहेको समाचारहरु सार्वजनिक भइरहेका छन् ।

मन्त्रीले खटाएका दलालहरुले कम्तीमा १० प्रतिशत रकम अग्रीम रुपमा लिने गरेका छन् । त्यसपछि कार्यादेश दिने र खरिदकर्तालै वडा कार्यालयमा लगेर उपभोक्ता समिति गठन गर्न दबाब दिने गरेका छन् । वडाध्यक्षहरुले महोत्तरी जिल्ला पूर्वाधार विकास कार्यालयमा तालाबन्दी नै गरेका छन् ।


योजना बिक्री वितरण भइरहेकाले चौतर्फी रुपमा सरकारको आलोचना हुन थालेपछि कांग्रेस संसदीय दलका नेता यादवले राज्यकोषको दुरुपयोग र योजना बेचबिखन जस्ता विकृत क्रियाकलापहरुको साक्षी नबस्ने प्रष्ट गरेका छन् ।

सरकारका मन्त्रालयहरुमा योजना खरिद बिक्री भइरहेको समाचारबारे गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै यादवले आफ्नो दल त्यसमा संलग्न नरहेको स्पष्ट गरेका छन् ।

उनले जारी गरेको विज्ञप्तिमा अगाडि भनिएको छ, सञ्चारमाध्यममा आइरहेका यस्ता समाचारप्रति नेपाली कांग्रेसले विशेष चासो राखेको छ ।

मधेश प्रदेशमा जनमत पार्टीका सतीशकुमार सिंह नेतृत्वको सरकारमा नेकपा एमाले, नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका सम्मिलित गठबन्धन रहेको छ । सरकारमा दोस्रो ठूला दलको हैसियतमा रहेको कांग्रेस संसदीय दलका नेता यादवले भनेका छन् , 'केही मन्त्रालयको नाम नै उल्लेख गर्दै समाचार सम्प्रेषण भइरहेका छन् । यदि ती समाचारमा भनिए अनुसार योजना खरिद बिक्री वा सरकारी कोषको दुरुपयोग भएको हो भने नेपाली कांग्रेस त्यसमा कुनै पनि रूपमा संलग्न नरहेको प्रष्ट पार्न चाहन्छु ।'




नेपाली कांग्रेस
मधेश प्रदेशसभा
संसदीय दलको कार्यालय

प्रेस विज्ञप्ती

मिति: २०८१ फागुन २५ गते

मधेश प्रदेश सरकार अन्तर्गत खासगरी विकासे मन्त्रालयहरुको नाउं जोडेर योजना खरिदबिक्री भइरहेको भनि विभिन्न सञ्चार माध्यमहरुमा केही दिनदेखि निरन्तर सम्प्रेषण भइरहेको समाचारहरुप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ ।

मधेश प्रदेशमा जनमत पार्टीको नेतृत्वमा नेकपा (एमाले), नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी नेपालको संयुक्त गठबन्धनको सरकार रहेको यहाँहरुलाई अवगत नै छ । पछिल्लो केही दिनदेखि केही मन्त्रालयहरुको नामै उल्लेख गरी आइरहेका समाचारहरुबारे प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुने, बुझेपनि म पारिवारिक कार्यव्यस्तताको कारण दुई हप्तादेखि गाउंको घरमा अत्यन्तै व्यस्त रहनुपरेको पनि यहाँहरुलाई जानकारी नै छ । यसैबीच सरकारको गतिविधिबारे नागरिकमा नकारात्मक सन्देश प्रवाह हुने गरी सम्प्रेषण भइरहेका समाचारहरुको बारेमा हाम्रो दल नेपाली कांग्रेसको तर्फबाट भन्नैपर्ने आवश्यक्ता महसुस गरी यो विज्ञप्ती जारी गरेका छौं ।

यतिबेला विभिन्न सञ्चार माध्यमहरुमा आइरहेका समाचारमा के कति सत्यता छ भन्ने विषयमा एक जिम्मेवार दलका नेताको हैसियतले मेरो ध्यान केन्द्रीत भएको छ । ती समाचारहरुले गरेको संकेत सही हो भने यस्ता गतिविधिहरुमा नेपाली कांग्रेस कुनै पनि रुपमा संलग्न नरहेको स्पष्ट पार्न चाहन्छु । साथै, यदि सरकारको योजनाहरु कार्यान्वयनको क्रममा नकारात्मक प्रभावमा परिरहेको छ अथवा सरकारी बजेटको दुरुपयोग भइरहेको अवस्था छ भने अत्यन्तै गम्भिर भएर यस्ता विषयमा चासो लिन र तत्काल सुधारका लागि आवश्यक कदम चाल्न सत्ता गठबन्धन दलको हैसियतले नेपाली कांग्रेको तर्फबाट सरकारलाई सचेत गराउन चाहन्छौं ।

अन्यथा, सत्तासाझेदार भएकै आधारमा सरकारी कोषको दुरुपयोग हुने तथा योजना खरिदबिक्री जस्ता विकृत कियाकलापहरुको साक्षी भएर बसिरहन बाध्य नरही नेपाली कांग्रेसले सम्बन्धित पक्षहरुसंग उचित छलफल गरी निर्णय लिने भनि स्पष्ट पार्न चाहन्छौं । धन्यवाद ।

जय नेपाल ।

कृष्ण यादव
संसदीय दलको नेता
नेपाली कांग्रेस

सरकारको योजनाहरु कार्यान्वयनको क्रममा नकारात्मक प्रभाव परिरहेको वा बजेटको दुरुपयोग भइरहेको भएमा सत्ता गठबन्धनको प्रमुख घटकको नाताले नेपाली कांग्रेसले गम्भीर चासो राख्ने उनले बताएका छन् ।

नेकाँ मधेश प्रदेशका सभापतिसमेत रहेका यादवले मन्त्रालय र मन्त्रीको नाम उल्लेख नगरे पनि योजना बिक्री गर्ने भौतिक मन्त्री यादव तर्फ संकेत गरेका छन् । पूर्वाधार कार्यालयहरुबाट योजनाको कार्यादेश लिएर दलालमार्फत मन्त्री यादवले नै बिक्री गराइरहेको आरोप छ ।

दलालहरुले हरेक राति योजना बिक्रीको हरहिसाब सहितको जानकारी मन्त्री यादवलाई दिने गरेको बताइन्छ ।

'सत्तासाझेदार भएकै आधारमा यस्ता विकृतिजन्य गतिविधिहरूको साक्षी भएर बस्न नेपाली कांग्रेस बाध्य हुने छैन' उनले भनेका छन्, 'आवश्यक परेमा सम्वद्ध पक्षहरूसँग छलफल गरी उचित निर्णय लिनेछौं ।' साथै, सरकारलाई तत्काल सुधारका लागि आवश्यक कदम चाल्न उनले चेतावनी दिएका छन् ।

मधेश प्रदेशको कानुनी प्रावधान अनुसार मन्त्रालयहरुको विभाग र कार्यालयहरुले उपभोक्ता समिति गठनका लागि योजना उल्लेख गरी सोझै वडा कार्यालयमा पत्राचार गर्नुपर्छ ।

तर वडाध्यक्षहरुले हालसम्म कुनै योजनाको पत्र पूर्वाधार कार्यालयबाट सोझै नआएको बताउँदै विभिन्न दलालहरु मार्फत आउने पत्रले तनाव सृजना गरेको बताएका छन् । वडा अध्यक्षले नै राखेका योजना पनि दलालले बिक्री गरेको र योजना खरिद गर्नेहरुले कार्यादेश बोकेर उपभोक्ता समिति गठन गर्न वडामा आउने गरेको उनीहरुको आरोप छ ।

बिगतमा पनि योजनाहरु बिक्री हुने गरेपनि त्यो सम्बन्धित कार्यालयबाट नै हुने गरेको तर यस पटक मन्त्री स्वयंले नै योजनाहरु नियन्त्रणमा लिएर दलाल मार्फत बेचिरहेका छन् ।

कांग्रेस संसदीय दलका नेता यादवले पछिल्लो दुई हप्तादेखि पारिवारिक कार्यमा गाउँमा नै व्यस्त रहे पनि केहि मन्त्रालयहरुको नामै किटान गरी आइरहेका समाचारहरु प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुने, बुझेको स्वीकारेका छन् ।

पारिवारिक कार्यक्रम सम्पन्न गरी उनी जनकपुरधाम आएकै दिन प्रदेश सरकारबाट भइरहेको योजना बेचबिखनप्रति आफ्नो धारणा सार्वजनिक गरेका छन् ।

ब्रम्हलुट मच्चाइरहेका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले आफ्नै एमालेका नेता, वडाध्यक्षहरु राखेका योजनासमेत बिक्री गरेको आरोप लगाउँदै दल भित्र असन्तुष्टि बढेको छ । महोत्तरी जिल्ला पूर्वाधार विकास कार्यालयमा तालाबन्दी भए पनि अलगै खडा गरिएको चलानी रजिष्टरमा नम्बर राखेर धमाधम कार्यादेश बिक्री भइरहेको बताइन्छ ।




## जनमतको बैठकमाआठ पदाधिकारी अनुपस्थित

**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीको केन्द्रीय समितिको बैठक आइतबारदेखि महोत्तरीको बर्दिवासमा शुरु भएको वैठकमा पाँच वटा एजेन्डामाथि छलफल जारी रहेको प्रवक्ता डा. शरदसिंह यादवले जनाएका छन् । सो केन्द्रीय समितिको बैठक सोमबारसम्म चल्ने जनाइएको छ ।

उनले संगठनको सवलीकरण, नौलो गणतन्त्र कार्यान्वयन, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत, संघीयता कार्यान्वयन, समान विचारधाराभएकापहिचानवादीहरूसँग एकीकरणलगायतका एजेन्डा रहेको बताए ।

सो बैठकमा प्रदेश सरकारको बारेमा पनि छलफल हुने प्रवक्ता यादवले जारी रहेको बताए ।

केन्द्रीय समितिको बैठक बस्नु अगावै पार्टीका कोषाध्यक्ष सुरेन्द्र नारायण यादवमाथि विभिन्न आरोप लगाउँदै निलम्बन गरेका छन् ।

कोषाध्यक्ष यादवलाई निलम्बन गर्नु अघि पार्टीले अनुशासन विभागका अध्यक्षसमेत रहेका पार्टीका उपाध्यक्ष ई. दिपक कुमार साहलाई समेत निलम्बन गरिएको थियो ।

तर निलम्बित उपाध्यक्ष ई. साह भने केन्द्रीय समितिको बैठकमा सहभागी हुन गए पनि एक नेताले कारबाही बारे स्मरण गराउँदा उनी रिसाएर बैठकस्थलबाट फर्किएका थिए ।

तर उपाध्यक्ष साहले भने कारबाही बारे आफूलाई कुनै जानकारी नरहेको अनभिज्ञता प्रकट गरे ।

केन्द्रीय कोषाध्यक्ष यादवलाई हटाउँदा चार बुँदेमा आर्थिक अनियमितता र निर्वाचनमा पार्टी अध्यक्षलाई हराउन भूमिका खेलेको आरोप उनीमाथि लगाइएको छ । अनुमतिबिना गैरआवासीय मधेशी संघमा आवद्ध रहेका विदेशमा बस्दै आएका ६ जनाभन्दा बढी कार्यकर्तासंग रकम उठाएको उनीमाथि आरोप छ ।

सो बैठकमा कारबाहीमा परेको उपाध्यक्ष ई. साह र कोषाध्यक्ष यादवलगायत आठ जना पदाधिकारी बैठकमा सहभागी नभएको स्रोतले जनाएको छ ।



# बुद्धिजीवी परिषद् रौतहटको अध्यक्षमा पुनः अनिल झा



**टुडे समाचारदाता**

रौतहट । नेकपा एमालेको भ्रातृसंगठन नेपाल बुद्धिजीवी परिषद् रौतहटको अध्यक्षमा पुनः अनिल कुमार झा चयन भएका छन् ।

परिषदको छैठौं जिल्ला अधिवेशनले दोस्रो कार्यकालको लागि झा लाई अध्यक्षमा चयन गरेको छ। अधिवेशनबाट झाको अध्यक्षतामा १९ सदसिय जिल्ला कार्यसमिति गठन गरेको छ । सो समितिको उपाध्यक्षमा रामचन्द्र तिमिल्सिना, सचिवमा महम्मद अतिउल्लाह, उप सचिवमा रामप्रसाद उपाध्याय र चन्द्र भानु पटेल चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा गोपिनी पौडेल, बाबुराम साह, अर्जुन तिमिल्सिना, मनोज कुमार मिश्र (चन्द्रपुर), मोहन बैठा, भुप नारायण प्रसाद, संजिव कुमार झा, दीपक राउत, राम सागर साह, चन्द्रिका दास, देवी लाल प्रसाद साह, विकास जयसवाल, मनोज मिश्र ( पुरेनवा) र खुश्बु साह लाई सर्व सहमत चयन गरिएको परिषद् का मधेस प्रदेस ईन्चार्य अर्जुन सिंहले बताएका छन् ।

सो अधिवेशन नेपाल शुधिजिवी परिषद्का केन्द्रीय सचिव एवं मधेश प्रदेश इन्चार्ज डा. अर्जुन सिंहको प्रमुख आतिथ्यता तथा नेकपा एमाले केन्द्रीय सदस्य उद्धव रेग्मी, धनुषा अध्यक्ष एवं मधेश प्रदेश नीति आयोगका सदस्य रामचन्द्र यादव, नेकपा एमाले जिल्ला अध्यक्ष सचिदा नन्द साह, केन्द्रीय सदस्य श्याम गोहित, नेकपा एमाले मधेश प्रदेश कमिटी सदस्य मणिशंकर निधि, सचिव बाबुराम दाहाल, नेकपा एमाले लेखा समितिका जिल्ला अध्यक्ष पवन पटेल, जिल्ला कमिटी उप सचिव अवधेश यादव, चन्द्रपुर नगर कमिटी संयोजक शिव आचार्य, शिक्षक संगठनका अध्यक्ष अनिल निधि, अनेरा स्ववियु रौतहटका संयोजक कारण देवकोटा समेतको आतिथ्यता सम्पन्न भएको थियो ।

## नगराईन नगरपालिकाः

# उपसचिव हाजिरीमा सकस, निमित्तकै भरमा पालिका

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको नगराइन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा उपसचिव आए पनि अहिलेसम्म हाजिरी हुन सकिरहेका छैनन् । जसले गर्दा निमित्त प्रमुख प्रशासकीय अधिकृतकै भरमा पालिकाको कार्यालय संचालन भइरहको छ।

संघीय सरकारले उपसचिव आनन्द कुमार ठाकुरलाई नगराईन नगरपालिकामा पठाएको करिब डेढ साता भए पनि उनी अहिलेसम्म पालिकाको कार्यालयमा हाजिरी हुन सकिरहेका छैनन् । उनी हाजिरी हुन सक्दा पालिकाको अधिकांश कामकारबाही ठप्प रहेको छ ।

अहिले पनि निमित्त प्रशासकीय अधिकृत रामगुलाम लाल कर्ण पहुँचको भरमा ३ वर्षदेखि निमित्त भएर कार्यरत रहेको छन् ।

उपसचिव ठाकुरालाई नगराईन नगरपालिकाका मेयर विनय कुमार यादवले हाजिरी नगराइ निमित्तकै भरमा कार्यालय चलाउन खोजिरहेको आरोप कार्यापालिकाकासदस्यहरुलेलगाएका छन् ।




निमित्त भएर ३ वर्ष सम्म आर्थिक अनियमितता गररे स्थानीय जनप्रतिनिधीहरुलाई प्रभावमा पारिरहेको स्थानीय नेता संजय साह बताउँछन् ।

पालिकामा शाखा अधिकृत, नगरपालिकामा उपसचिव, उपमहानगरपालिका र महानगरपालिकामा सहसचिवलाई सरकारले प्रमुख प्रशासकीय अधिकृत खटाउने गरेको छ ।

पालिकाहरूले जुनियर र आफूअनुकूल व्यक्तिलाई निमित्त देउ भन्न थालेको छ । कानुनमै सिनियरलाई निमित्त दिने भन्ने व्यवस्था छ। सिनियर छाडेर पालिका अनुकूलको जुनियरलाई निमित्त दिँदा सिनियर कर्मचारी लेखा अधिकृत रामबाबु साह सरुवा गरेर अर्कै पालिका जानु परेको बताए । जुनियर कर्मचारी प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेका स्थानीय तहहरूले आफूअनुकूलको कर्मचारीलाई निमित्तको जिम्मा दिन थालेको भन्दै संघीय मन्त्रालयले ज्येष्ठ कर्मचारीलाई मात्र निमित्त दिन निर्देशन पनि दिएको छ।

कुनै पनि स्थानीय तहले कनिष्ठ कर्मचारीलाई निमित्तको जिम्मेवारी दिएको मन्त्रालयमा निवेदन परेमा छानबिन गरी कनिष्ठ कर्मचारीबाट भएका सम्पूर्ण कार्यहरू रद्द गरिदिने जनाएको छ ।

तर नगराईन नगरपालिकमा सत्ता र शक्तिको दुरुपयोग गरेर कनिष्ठलाई नै प्रमूख प्रशासकीय अधिकृतको जिम्मेवारी दिँदै आएको छ।

नगराईनमा मन्त्रालयले ३ पटक उपसचिव पठाउँदा पनि पावर र पहुँचका भरमा कनिष्ठलाई नै प्रमूख प्रशासकीय अधिकृत बनाउँदै आएको छ।

विगतमा मेयर यादवले पालिकावासी र जनप्रतिनिधिवीच गरेको सहमति पनि कार्यान्वयन गर्ने पक्षमा नरहेको स्थानीयवासीको आरोप छ।

# सशस्त्र प्रहरीद्वारा ५८ लाख मूल्यको गरगहना बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साबाट सशस्त्र प्रहरीले ५८ लाख ६४ हजार ८ सय ३० रुपैयाँ बराबरको हिरा र सुनको गरगहना बरामद गरेको जनाएको छ।

वीरगंज महानगरपालिका-१६ स्थित सीमा ईलाकाबाट शनिबार राति सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगञ्जले भन्सार छलीका गरगहना बरामद गरेको खोजतलासी गर्ने क्रममा ड्राइभरले कारलाई भगाएका थिए। सामान छाडेर कार लिएर व्यक्ती फरार भएपछि बरामद गहना थप प्रमाणित गर्न आइतबार पर्सा स्थित सुनचाँदी व्यवसायी संघमा पठाइएको थियो ।

सो गरगहनामा २२ लाख ५१ हजार ८ सय ४० रुपैयाँ मूल्य बराबरको ७०.३७ क्यारेट हिरा र ३६ लाख १२ हजार ९ सय ९० रुपैयाँ बराबरको २४६.७३ ग्राम सुन रहेको



जनाइएको छ।

भारतबाट नेपालतर्फ आउँदै गरेको कारलाई चेकजाँच गर्ने क्रममा प्लास्टिकमा प्याक गरिएको शंकास्पद बस्तु फेला परेको थियो। सो क्रममा थप परीक्षणमा खुलेको छ।

बरामद गहना आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको पर्साका सशस्त्र प्रहरीका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जनाए।

# ओम शान्ति दाँत तथा आँखा अस्पताल उद्घाटन



**रञ्जन यादव**

बारा । बाराको सिमरामा आधुनिक उपकरणसहितको सेवा प्रदान गर्ने ओम शान्ति दाँत तथा आँखा हस्पिटल प्रा.लि. को भव्य उद्घाटन सम्पन्न भएको छ।

अस्पतालको उद्घाटन पूर्वमन्त्री तथा बारा क्षेत्र नं. ४ (क) का प्रतिनिधि सभा सदस्य कृष्णकुमार श्रेष्ठ (किसान) र जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले संयुक्त रुपमा गरेका थिए।

नयाँ अस्पतालले दाँत र आँखासम्बन्धी आधुनिक उपचार सेवा प्रदान गर्नेछ, जसले स्थानीय बासिन्दाहरूलाई गुणस्तरीय उपचारको पहुँच उपलब्ध गराउने लक्ष्य राखेको छ। उद्घाटन समारोहमा विभिन्न समुदायका प्रतिनिधि, चिकित्सा क्षेत्रका विशेषज्ञ तथा स्थानीय नागरिकहरूको उपस्थिति रहेको थियो। अस्पतालका सञ्चालक ध्रुव सहनीको अध्यक्षतामा सम्पन्न भएको थियो।

अस्पतालले उच्चस्तरीय सेवा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गर्दै सबैलाई सहकार्यका लागि उनले अनुरोध गरे । स्थानीयवासीहरूले अस्पतालको स्थापनालाई स्वास्थ्य सेवामा सुधार ल्याउने महत्वपूर्ण कदमका रूपमा लिएको बताउँदै अस्पताल व्यवस्थापनलाई शुभकामना व्यक्त गरेका छन्।

सो कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक नवराज थापा, जीतपुर सिमरा उपमहानगरपालिकाका वडा नं. २ का वडा अध्यक्ष धन बहादुर श्रेष्ठ, नेपाली कांग्रेसका तराई मधेश विभागका केन्द्रीय सदस्य कृष्णवर्त सिंह, नगर सभापति छबिलाल शर्मा, नेपल प्रजातन्त्र सेनानी संघका केन्द्रीय सदस्य हरि थपलिया, नगर उद्योग वाणिज्य संघका सचिव विष्णु अधिकारी, रेडियो आकाशवाणीका अध्यक्ष राजुराज गिरी, समाजसेवी रत्न उप्रेती, यज्ञबहादुर आलेलगायतको सहभागिता रहेको थियो।

सो कार्यक्रमको सञ्चालन सञ्चारकर्मी रञ्जन यादवले गरेका थिए।

# 'गौर राइस मिलको जग्गा अधिग्रहणको जिम्मेवारी प्रदेश सरकारले लिने'

**सञ्जय मिश्रा**

रौतहट । मधेश प्रदेशका अर्थमन्त्री सुनिल कुमार यादव ( जितेन्द्र) ले विवादित गौर राइस मिलको जग्गा अधिग्रहण गर्न लाग्ने सम्पूर्ण रकमको व्यवस्था प्रदेश सरकारले गर्ने प्रतिवद्धता जनाएका छन् ।

आफ्नै निर्वाचन क्षेत्र रौतहटको कटहरिया स्थित आइतबार सञ्चारकर्मीहरुसंग संक्षिप्त कुरा गर्दै उनले भने, 'गौर राईस मिलको जग्गा अधिग्रहण बारे मुख्यमन्त्री सतीशकुमार सिंहले दुईदिन अघि आफ्नो धारणा राखेकै हुन म अर्थ मन्त्रीको हैसियतले अधिग्रहणमा लाग्ने सम्पूर्ण रकमको व्यवस्थापन गर्ने प्रतिवद्धता जनाएको छु।'



राइस मिलको जग्गा हत्याउन विगतमा पनी भूमाफियाको चलखेल शुरु भएको छ । यस अघि राइस मिलको जग्गाको हकभोग कसैको नभए पनि भूमाफियाले चलखेल गर्दा २०६६ सालमा तत्कालिन संघीय सरकारले सो जग्गा अधिग्रहण गर्ने प्रयास गरेको थियो। तर पूरा हुन नसकेको अर्थमन्त्री यादवले स्पष्ट पारेका छन् । अब प्रदेश सरकारले कैबिनेट स्तरको निर्णय गरेर नियम कानुन अनुसार जग्गा अधिग्रहणको लागी पैसा छुट्याउने यसमा मुख्यमन्त्री सिंहको पनि समर्थन रहेको उनले स्पष्ट पारेका छन्।

उनले भने, 'म स्वयं जिल्लाबासीको नाताले र राइस मिलको जग्गा सबैको चासो तथा सरोकारको विषय भएकाले अधिग्रहणमा लाग्ने रकम सरकार बाट छुट्याउन आफू पूर्ण गम्भीर भएको छु।'

जिल्लावासीका धरोहर युवाहरुको आवश्यकतालाई मध्यनजर गर्दै राइस मिलको मुद्दामा अदालतले पनि तत्काल त्यस्तो कुनै निर्णय नगर्नेमा आफू विश्वस्त रहेको अर्थमन्त्री यादवले आफ्नो धारणा राखेका छन्।

सो जग्गा भागबण्डाको लागि कोही मरिहत्ते गर्छन् भने उसको निजी स्वार्थ हुन सक्ने उनले बताए । सिंगो समाज तथा जनभावनाको साथ गलत गर्ने मानिसको पतन निश्चित हुने उनले चेतावनी दिए । विगतमा रौतहटको सदरमुकाम गौरमा जता ततै खुला फिल्डहरु थियो, जनसंख्या बढ्दै जाँदा अहिले साँघुरो हुँदै गएको छ । तथापि गौरको मुटु सरह राइस मिलको जग्गा जोगाउन साझा निर्णय तर्फ सहयोग गर्न अर्थ मन्त्री सुनिल कुमार यादव जितेन्द्र मेयर शम्भु साह संग आग्रह गरेका छ।

पछिल्लो केहीदिन देखि गौरमा राइस मिलको जग्गा अधिग्रहण गर्ने र नगर्ने अर्थात भागबन्डा गर्ने दुई पक्षको दैनिक जसो छुट्टाछुट्टै प्रदर्शन भइरहेको छ।

साविक गौर गाविस वडा नम्बर ७ को किता नम्बर १३९ को ०-४-१५ ,१४०को ०.१६-०,१६३को ४-१०-० र ८०३को ०.९.० जग्गा सम्बन्धमा गत मंगलवार साँझ गौरका मेयर शम्भु साहले उक्त जग्गा धनीले २ विगहा १५ कठा नगरपालिका लाई निःशुल्क दिएर बाँकी जग्गा छोड्ने सहमति कार्यपालिकाले निर्णय गरेको सार्वजनिक गरे संगै चौतर्फी विरोध शुरु भएको छ।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | सहयोग गर्ने तत्परता देखाउने छन् । |
| वृष : | तपाईंको मध्य साढेसाती दशा चलिरहेको छ। धार्मिक अभियन्तासँग झुकाव रहेमा दिन सहज रहनेछ। |
| मिथुन : | आफ्नै राशीमा चन्द्रमाले भ्रमण गर्दैछन् । आफूले सोचेका कामहरु सहजै सञ्चालन हुनेछन् । |
| कर्कट : | दिन सामान्य छ। अचानक सञ्चित धन खर्च हुनेछ। |
| सिंह : | आफूलाईसमयनदिंदामनदुःखीहुनेछ। |
| कन्या : | बौद्धिक व्यक्तित्वसँग भेट गरेमा मन हलुका हुनेछ। |
| तुला : | बौद्धिक व्यक्तित्वसँगको टकरावले मन अशान्त हुनेछ। सामान्य खानेकुरमा चित्त बुझाउनुपर्ने दिन छ। |
| वृश्चिक : | बोलीको प्रभावले राम्रो काम बन्नेछ। धनस्थानमा शुभग्रह बसेकाले लगानी गर्दा फाइदा हुनेछ। |
| धनु : | बिहानै शुभ समाचार सुन्नाले मनमा उमङ्ग बढ्नेछ। आफ्ना कुराहरु अरुसँग साट्नु राम्रो हुनेछ। |
| मकर : | सञ्चित धन खर्च हुनेछ। दाजुभाइसँग सल्लाह गरेर अघि बढे दिन सहज हुनेछ। |
| कुम्भ : | आज तपाईंले गरेका कार्यमा उन्नति हुने दिन छ। |
| मीन : | दिन सहज रहेको छ। रोगसँग लड्ने क्षमता बढ्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# संविधान संशोधन गर्दा पनि दलहरू एकै ठाउँमा हुनुपर्छः सांसद ढुङ्गाना

काठमाण्डु । राष्ट्रियसभाको सदस्य हुनुभन्दा पहिला प्रतिनिधिसभाको सांसद थिएँ । प्रतिनिधिसभामा चार वर्ष रहेर काम गरेको अनुभव अहिले राष्ट्रियसभामा काम लागेको छ । प्रतिनिधिसभामा रहँदै गर्दा मैले संसदीय प्रक्रियाका बारेमा धेरै जानिसकेको थिएँ । संसद् भनेको जनताका सवाललाई उठाउने थलो हो । त्यतिबेला जनताका सवाललाई प्रतिनिधिसभामा जोडदार रूपमा राखेको थिएँ र अहिले राष्ट्रियसभामा पनि त्यही गर्दैछु । अर्को भनेको नीति निर्माणको विषय ऐन, कानुन बनाउनका लागि पनि राष्ट्रियसभामा भूमिका निर्वाह गर्दै आएको छु । जनकपुर चुरोट कारखानाका बारेमा मैले धेरैपटक सभामा कुरा उठाएको छु । त्यो चुरोट कारखाना अहिले डुबेको छ, बन्द भएको वर्षौं भइसक्यो । त्यसैगरी सडक, खानेपानी, शिक्षा, विद्यालय र ग्रामीण क्षेत्रमा स्वास्थ्यचौकी निर्माण गर्ने विषयमा संसद्मा आवाज उठाउँदै आएको छु ।

संविधानको कार्यान्वयनका विषयमा केही प्रश्नहरू उठिरहेका छन्, तर कार्यान्वयन भएन भन्न मिल्दैन । जति हुनुपर्ने हो त्यति भएको छैन । यसको मतलब कार्यान्वयन नै भएन भन्नु हुँदैन । संविधान जारी भएपछि देशमा संसद्का लागि दुईवटा आमनिर्वाचन भएका छन् । सङ्घीयताको मर्मलाई हामीले समात्न सकेका छैनौं । राष्ट्रियसभाको भूमिका सङ्घीयता सबलीकरणमा हुन्छ । गाउँपालिका र नगरपालिकाका प्रतिनिधिको मत पाएर हामी राष्ट्रियसभामा आएका हौं । त्यसैले हामीले पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र सदस्यसँग भेटेर उनीहरूको व्यवस्थित गर्दै त्रुटि भएका विषयमा परिवर्तन गर्नुपर्ने हुन्छ । संविधान संशोधन नेपालमा मात्रै होइन, संसारका धेरै देशले आवश्यकताका आधारमा पटकपटक संशोधन गरेका छन् । हामीले संशोधन गर्न हुँदै हुँदैन भन्नु हुँदैन । २०४६ सालको आन्दोलनपछि बनेको २०४७ सालको संविधानमा पूर्णविराम पनि संशोधन हुनु हुँदैन भन्ने भाष्य निर्माण गरियो । उत्कृष्ट संविधान भन्दै गर्दा आज त्यो संविधान काम लागेन । अब पनि हामीले परिवर्तन हुँदैन, संशोधन हुँदैन भनियो भने अगाडि बढ्न सकिँदैन ।

सङ्घीयता सुदृढीकरणका लागि गर्नुपर्ने काम धेरै छ । जस्तो, सङ्घीयताका लागि ४० वटा ऐन सङ्घले बनाइदिनुपर्ने छ । तर त्यो बन्न सकेको छैन । सङ्घीयता बलियो बनाउन निजामती सेवा ऐन, प्रहरी ऐन र शिक्षा ऐनलगायत थुप्रै ऐनहरू बन्न अझै बाँकी छ । प्राथमिक शिक्षाको जिम्मा स्थानीयलाई दिने कुरा संविधानमै लेखिएको छ । किनभने आफ्नो ठाउँमा भएको विद्यालयको बारेमा स्थानीयलाई जति थाहा हन्छ, त्यति सङ्घलाई हुँदैन । स्थानीयलाई दिएको अधिकार उसैलाई कार्यान्वयन गर्न दिनुपर्छ त्यसमा सङ्घले अवरोध सृजना गर्नु हुँदैन । बरु सङ्घले स्थानीय सरकारलाई बलियो बनाउन सहयोग गर्नुपर्छ । अहिले आएर शिक्षकहरूले हामी स्थानीयमा जाँदैनौं भन्न मिल्दैन । संविधानमा जे लेखिएको छ, त्यो कार्यान्वयन गर्नुपर्छ ।

हिउँदे अधिवेशन र बर्खे अधिवेशन सुरु हुनुभन्दा पहिला राष्ट्रियसभाका सदस्यहरु आ-आफ्नो स्थानीय निकायमा जानुपर्ने प्रावधान



पनि छ । सोहीअनुसार उनीहरूसँग भेट गरेर समस्यालाई राष्ट्रियसभामार्फत सरकारसँग पुर्याउँदै आएका छौं । नियमावलीमा छुट्याइएको प्रादेशिक समयलाई शुक्रबार मात्रै होइन अब हप्ताको दुई दिन राख्ने व्यवस्था गर्नुपर्छ ।

पनि कुरा सुन्नुपर्छ र त्यसलाई सरकारसम्म पुर्याउनुपर्छ । उनीहरूका समस्यालाई सभामा राख्नुपर्ने हुन्छ । पहिलेको राष्ट्रियसभाको नियमावलीमा ‘ प्रादेशिक समय’ भन्ने थिएन । यसपटक संशोधनबाट प्रादेशिक समय राखिएको छ । जुन हरेक शुक्रबार हुन्छ । शुक्रबार सदनमा सबैले आ-आफ्नो प्रदेशका स्थानीयको विषयमा कुरा राख्दै आएका छन् । राष्ट्रियसभाको कामलाई सुधार गरेर पहिलेको भन्दा अलि बढी प्रभावकारी बनाएका छौं ।

संविधान जारी भएको १० वर्षमा आवश्यकताका आधारमा संशोधन गर्न सकिने कुरा संविधानमै उल्लेख गरिएको छ । यो दश वर्ष भनेको संविधानको समीक्षा गर्ने बेला पनि हो । यो संविधानअनुसार काम भए-नभएको वा राम्रा र नराम्रा कामका बारेमा समीक्षा गर्ने बेला हो । समीक्षा गरिसकेपछि सुधार गर्नुपर्ने विषयलाई सुधार गरेर जानुपर्छ । हिजो जसरी संविधान जारी गर्दा सबै राजनीतिक दल एकै ठाउँमा थिए, आज संशोधन गर्ने बेलामा पनि सबै दल मिलेर संशोधन गर्नुपर्छ । जारी गर्दा जस्तै संशोधन गर्दा पनि दलहरु एकै ठाउँमा हुनुपर्छ । संशोधन गर्ने हो भने सरकार पक्ष वा प्रतिपक्ष सबैलाई समेट्नुपर्छ । जनताको राय समेट्नुपर्ने हुन्छ । संविधान संशोधन गर्नुको अर्थ अहिलेसम्म हामीले पाएको अधिकार समाप्त गर्ने भन्ने होइन । पाएको अधिकारलाई

सुशासनका लागि हामीले प्रतिनिधिसभाबाट द्रूतगतिमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्बन्धी ऐन बनाएका छौं । त्योभन्दा पहिला पनि ऐन थियो । तर त्यो त्यति बलियो थिएन । जबसम्म देशमा भ्रष्टाचार कायम रहन्छ देशमा अनेक विकृति देखा पर्दछन् । जनताको अधिकार व्यवस्थित पनि हुँदैन । भ्रष्टाचारले जरो गाडेको समाज र राष्ट्रमा सुशासन कायम हुन सक्दैन, देशको विकास पनि हुँदैन । सुशासनका लागि हामी सुध्रिनुपर्छ ।

सार्वजनिक पद धारण गरेका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, मन्त्री, सांसद वा समाजसेवा गर्छु भनेर पार्टीमा लागेका सबै राजनीतिक दलका नेताको सम्पत्ति शुद्धीकरण गर्नुपर्छ । राजनीति गर्ने मानिस पारदर्शी हुनुपर्छ । त्यसैगरी, विभिन्न पार्टी र सङ्घसंस्था एवं सरकारी कर्मचारीले पनि आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्छ ।

मैले जुन भूगोल, समुदाय वा जातिको प्रतिनिधित्व गरेर संसद् पुगेको छु, त्यसका बारेमा संसद्मा बढी बोल्नुपर्छ । रासस

# वैदेशिक रोजगारीबाट फर्किएका इन्द्रलाल केराखेतीबाट लखपति



बरहथवा । बागमती नगरपालिका-१० निवासी ४७ वर्षीय इन्द्रलाल बल विगत नौ वर्षदेखि केराखेतीमा सम्लग्न हुनुहुन्छ छ । उहाँले साढे सात बिघा खेतमा केराखेती गर्नुभएको छ । उहाँले भन्नुभयो, “मेहेनतअनुसारको उत्पादन र उत्पादनअनुसारको राम्रो व्यापार भएका कारण केराखेतीबाट मनग्य आम्दानी भइरहेको छ ।”

कृषि उत्पादनमा व्यावसायिक रूपले जोडिनुपर्ने उहाँको तर्क छ । “हामी आफ्नो माटोमा सुन फलाउन छाडेर विदेशमा पित्तल कमाउन पुग्ने गर्छौं”, उहाँले भन्नुभयो । झण्डै पाँच वर्ष वैदेशिक रोजगारीमा मलेसिया मा विताउनुभएका उहाँ युवाहरूलाई देशमै केही गर्न आग्रह गर्नुहुन्छ ।

विगत एक दशकदेखि बिहान सबैरैदेखि साँझ अबेरसम्म उहाँ केराबारीमा भेटिनुहुन्छ । खेतीबारी राम्रो हुन त्यसलाई पर्याप्त स्याहारसम्भार गर्नुपर्ने उहाँको अनुभव छ । “हाम्रो बानी कस्तो छभने खेतमा बाली लगाउने अनि फर्केर नजाने”, उहाँले भन्नुभयो, “यसरी खेती हुँदैन, हाम्रा पितापुर्खाले भन्ने गर्नुभएको उखानै छ । घोकन्ते विद्या, ध्याउन्ते खेती ।”

बुबाबाजेले खेतीपाती गरेको देखेर हुर्कनुभएकाउहाँलेराजनीतिशास्त्रमाप्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गर्नुभएको छ । तत्कालीन राज्यसत्ताविरुद्ध माओवादीले गरेको सङ्घर्षमा होमिनुभएका उहाँ २०६५ सालमा वैदेशिक रोजगारीमा जानुभयो । “देशमा माओवादी सङ्घर्ष थियो । म पनि त्यसैमा होमिएको थिएँ । विसं २०६२/६३ मा काठमाडौं केन्द्रित आन्दोलन भयो । त्यहाँ पनि निकै नाराबाजी गरियो”, उहाँले विगत सम्झनुभयो ।

शान्ति वार्तापछि माओवादी सरकारमा गयो । हामी परिवार पाल्नै नसक्ने भएपछि भारतको बाटो हुँदै मलेसिया पुग्यौं । माओवादी द्वन्द्वबाट आएका ४२ जना एकैपटक मलेसिया अवतरण भएका थियौं । विदेशको भूमि, हावापानी, रहनसहन, भाषा, वेशभूषा सबै नयाँ । हामीलाई त्यहाँ महिनौंसम्म मार्बल र ढुङ्गा बोकाइयो । निकै कष्ट भयो । सीपबिनाको वैदेशिक रोजगारी पशुले गर्ने सङ्घर्ष हुने उहाँको भनाइ थियो ।

यसरी पाँच वर्ष काम गरेपछि २०७१ सालमा स्वदेश फर्किएँ । विदेशबाट ल्याएको पैसा एउटा घर बनाउनेबित्तिकै सकियो । फेरि दैनिक छाक टार्ने धौधौको अवस्थामा पुगियो । परिवार बिरामी पर्दा छिमेकमा सापटीसमेत पत्याउन छाडे । काम र दुःख सम्झेर विदेश जाने आँट पनि आएन । त्यसपछि छिमेकीको खेत भाडामा लिएर केराखेती सुरु गरेको उहाँले सुनाउनुभयो । त्यसयता उहाँले दुःखलाई फर्किएर हेर्नुपरेको छैन ।

गाउँमा रु पाँच सय कसैले नपत्याउने अवस्थाबाट केराखेतीले सम्मानजनक जीवन दिएको उहाँको कथन छ । पुर्ख्यौली सम्पत्तिका नाममा तीन कट्ठा जग्गा पाउनुभएका उहाँले १० वर्षमा १५ कट्ठा खेत, दुई ठाउँमा घडेरी जोडेको बताउनुभयो । तीन सन्तानलाई उ नीहरूले चाहेअनुसार आजको युग सुहाउँदो शिक्षादीक्षा यसै खेतीको आम्दानीबाट पूरा गरिरहेको उहाँको भनाइ छ । उहाँले एक छोरालाई फार्मेसी पढाउनुभएको छ । दुई सन्तान उच्च शिक्षा अध्ययनरत छन् । छोराछोरीलाई आजको समाजमा बाँच्न सक्ने वातावरण तयार गर्न सक्नु नै ठूलो सम्पत्ति आर्जन भएको बताउनुहुन्छ । आफूहरूजस्तो निम्नवर्गीय परिवारका लागि शिक्षा निकै महँगो बन्दै गएको छ । पैत्रिक सम्पत्तिका नाममा तीन कठ्ठा खेत पाउनुभएका उहाँले छिमेकीको एक बिघा खेत भाडामा लिएर केराखेती सुरु गरेको बताउनुभयो ।

उहाँको केराखेती अहिले साढे आठ बिघा पुगिसकेको छ । उहाँले वर्षको प्रतिकठ्ठा रु चार हजार आठ सयदेखि छ हजार पाँच सयसम्म भाडा तिर्नुहुन्छ । केरा रोपेको १२ देखि १४ महिनाबाट उत्पादन दिन सुरु हुन्छ । नौ हजार दुई सय बोट केरा रहेकामा प्राकृतिक प्रकोपमा परेर वर्षमा सय बोटसम्म केरा क्षति हुने गरेको उहाँको भनाइ छ । सुरुमा खनजोत, मलखाद, मजदुर गरी रु २२ लाख लगानी गरेको खेतीबाट १४ महिनामा रु ३१ लाख बढीको केरा बिक्री गर्ने उहाँको भनाइ छ ।

“प्रतिघरीमा ९० देखि एक सय कोसा केरा फल्छ”, उहाँले भन्नुभयो, “मैले मालभोग र नाइन ग्रेड (घ्यू) केराको बोट लगाएको छु । नाइन ग्रेडको घरीमा दुई सय कोसासम्म फल्छ ।” प्रतिकोसा रु ३.५० पैसाका दरले कम्तीमा तीन सय ५० देखि पाँच सयसम्म प्रतिघरी केरा बिक्री हुन्छ । छठ तथा चाडपर्वमा अझै महँगोमा बिक्री हुने उहाँले जानकारी दिनुभयो । यहाँ उत्पादन भएका केरा स्थानीय हरिवन, बरहथवा, नयारोड, सोल्टीलगायत बजारसम्म लैजाने गरिएको छ ।

“बजारको मागअनुसार केरा दिन नसकेको उहाँले सुनाउनुभयो । हप्तामा दुई सय ५० घरीभन्दा धेरै केरा पसलेले माग्नुहुन्छ”, उहाँले भन्नुभयो, “छ-सात बिघामा गरेको खेतीले पुर्याउन गाह्रो छ । थोरैथोरै गरेर दिने गरेको छु ।” पैसासमेत दैनिक पाइने भएपछि खेती गर्न उत्साह थपिने गरेको उहाँ सुनाउनुहुन्छ । किसान बलले केराखेतीमा पाँच जनालाई नियमितजस्तै काम दिने गर्नुभएको छ । पात काट्ने, गोडमेल गर्ने, मलजल गर्ने, केरा काट्नेलगायत काम हुन्छ ।

उहाँ आफैँ पनि नियमित काम गर्ने भएकाले एक जना मजदुरको काम आफैँले भ्याउने गरेको उहाँको भनाइ छ । भारतीय केराका कारण बेलाबेलामा बजारमा समस्या हुने गरेको उहाँले सुनाउनुभयो । भारत सरकारले किसानलाई खेती, लगानी र ढुवानी गरेर ९० प्रतिशतसम्म अनुदान दिएको केरासँग हाम्रो महँगो लगानीको उत्पादनले प्रतिस्पर्धा गर्नुपर्दा समस्या हुने गरेको उहाँले बताउनुभयो ।

राज्यले थोरै राजस्वको लोभमा देशका किसानलाई पेसाबाट पलायन गर्ने नीति सुधार गर्नुपर्ने उहाँको माग छ । स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर अपुग सामानमात्र भित्र्याउनुपर्ने उहाँ बताउनुहुन्छ । खेतमा बिरुवा लगाएर राजनीति गर्ने र कम्मरमा हात लगाएर बस्नेहरूले खेती हुन्न ।

बजार छैन, कृषि डुब्नका लागि गर्ने हो भन्ने भाष्य सृजना गरेकामा उहाँले दुःख व्यक्त गर्नुभयो । यस्ता भाष्यले समाजमा कृषि कर्मप्रति नै नकारात्मक सोचको विकास गरेकाले युवाहरू यही कृषि कोरिया, जापान, अष्ट्रेलिया गएर गर्न लालायित हुने तर नेपालमा खेत बाँझै हुने अवस्था आएको किसान बलको बुझाइ छ ।

कृषि गर्छु भन्नुभन्दा पनि किसानले आफूले लगाएको बिरुवाको भाषा बुझ्ने गरी अभ्यस्त हुनुपर्ने उहाँ बताउनुहुन्छ । बोटबिरुवासँग बिहान, दिउँसो र बेलुका भेट गर्ने र उनीहरूको कुरा बुझ्नेले मलजल गरेमात्र उत्पादन वृद्धि हुन्छ । उहाँले भन्नुभयो, “उत्पादन बढेपछि मात्र आम्दानी बढ्ने हो ।

बलले केराखेतीबाट सबै खर्च कटाएर मासिक रु एक लाखसम्म आम्दानी गरिरहेको भन्दै यस पेसाले आफूलाई सन्तुष्टि दिएको प्रतिक्रिया दिनुभयो ।रासस

# नीतिनिर्माण तहमा महिला सहभागिता सुनिश्चित हुनुपर्ने

काठमाण्डु । नेपाली कांग्रेसका सांसद कमला पन्तले नीतिनिर्माण तहमा महिला सहभागिता सुनिश्चित हुनुपर्ने माग गर्नुभएको छ ।

राष्ट्रियसभाको आइतबारको वैठकको विशेष समयमा दलीय आधारमा मन्तव्इ व्यक्त गर्दै उहाँले भन्नुभयो, “विगतको तुलनामा महिलाको सहभागिता बढेको छ तर नीतिनिर्माण तहमा सहभागिता बढेको छैन, नीतिनिर्माण तहमा महिला सहभागिता सुनिश्चित हुनुपर्छ ।” महिलालाई उपराष्ट्रपति, उपप्रधामन्त्री, उपसभामुख, उपाध्यक्ष, राज्यमन्त्री र उपप्रमुखमै सीमिति गर्नेभन्दा पनि नेतृत्वदायी भूमिका दिनुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, “सङ्घीय संसद्मा ३४ प्रतिशत, प्रदेशसभामा ३६ दशमलव पाँच र स्थानीय तहमा ४१ दशमलव एक प्रतिशत महिला सहभागिता छ । निजामती सेवामा पनि २८ प्रतिशत महिला छन् ।”

उहाँले मन्त्रिपरिषद्मा पनि एक तिहाइ महिलाको सहभागिता सुनिश्चित हुने कानुनी व्यवस्था गर्नुपर्ने माग गर्नुभयो ।

सांसद पन्तले भन्नुभयो, “विसं २०६३ जेठ १६ गते संसद्बाट पास भएको सङ्कल्प प्रस्तावमा महिलाप्रति विभेद गरिएका कानुनको खारेज,एक तिहाइ महिला राज्यको सम्पूर्ण संरचनामा उपस्थित हुनुपर्र्छ, आमाका नामबाट नागरिकता पाउनुपर्छ, पैतृक सम्पत्तिमा छोराछोरीको समान अधिकारसम्बन्धी व्यवस्थाको कार्यान्वयन हुनुपर्छ । ”रासस

# मुलुकको विकासमा सरकारको जोड

टक्सार । उपप्रधानमन्त्री प्रकाशमान सिंहले मुलुकमा राजनीतिक स्थायित्वका लागि कांग्रेस-एमालेको सरकार गठन भएको बताउनुभएको छ । मुलुकको विकासलाई सरकारले जोड दिएको उहाँको कथन छ ।

भोजपुर नगरपालिका वडा नं ४ दाँवामा रहेको सिद्धेश्वर माध्यामिक विद्यालयको ७७औं वार्षिकोत्सव कार्यक्रमको उद्घाटन गर्दै उहाँले सो कुरा बताउनुभएको हो । सहरी विकासमन्त्रीसमेत रहनुभएका उहाँले मुलुकको विकास निर्माण र स्थायित्वका लागि वर्तमान सरकार क्रियाशील रहेको



बताउनुभयो । विकास निर्माणका गतिविधि निरन्तर अगाडि बढाउन वर्तमान सरकार क्रियाशील रहेको बताउँदै उपप्रधानमन्त्री सिंहले आगामी वर्षको बजेट सबै वर्ग र क्षेत्रलाई समेटेर बनाउन अर्थमन्त्रीलाई अनुरोध गर्ने बताउनुभयो ।

भोजपुरको शैक्षिक उन्नयनमा उक्त विद्यालयले निर्वाह गरेको बताउँदै भूमिकाको सराहना गर्दै उहाँले उपलब्ध स्रोतसाधनको उचित प्रयोग गर्न शिक्षक कर्मचारीलाई आग्रह गर्नुभयो । त्यस अवसरमा नेपाली कांग्रेसका कोषाध्यक्ष उमेश श्रेष्ठ, कोशी प्रदेशसभा सदस्य विनोद बान्तवा, पूर्वअर्थमन्त्री शङ्करप्रसाद कोइराला, जनप्रतिनिधि तथा स्थानीय गण्यमान्य व्यक्ति, अभिभावक, पूर्वविद्यार्थीलगायत सहभागी हुनुहुन्थ्यो ।रासस


## Invitation for Bids

**Laxminiya Rural Municipality**

**Office of Rural Municipal Executive**

**Laxminiya Bazar, Dhanusha**


**Date of publication: 10/03/2025**

1. Laxminiya Rural Municipality,Office of Rural Municipal Executive, Laxminiya Bazar, Dhanusha invites following electronic bid from eligible Nepalese bidders under Sealed Quotation.

| S. N. | Contract ID No. and Description | Total Cost (Without VAT & contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | LAX/WORKS/01-2081/82 Wada no. 7 Prabin Mishrako ghar dekhi Jibu Mishrako ghar hudai Prashant Mishrako ghar samma PCC dhalan karya | 1,447,494.32 | Nrs.1000 | 25th Mar 2024 (Within 12:00 hrs) | 25th Mar 2024 Within 13:30 hrs | 45 days From last date of bid submission | Rs 42500.00 | 75 days From last date of bid submission |
| 2 | LAX/WORKS/02-2081-82 Wada no. 7 Bhram sthanma boundary wall | 1,170,311.25 | Nrs.1000 | 25th Mar 2024 (Within 12:00 hrs) | 25th Mar 2024 Within 13:30 hrs | 45 days From last date of bid submission | Rs 32,500.00 | 75 days From last date of bid submission |

2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# जनतामा वितृष्णा

भारतको प्रयागराजमा हालै सम्पन्न कुम्भमा उर्लिएको भीडले सनातन धर्मप्रतिको आकर्षण अत्यधिक बढेको सर्वत्र देखिएको छ । हिन्दूहरु जागेका छन् । भारतका विभिन्न शहर र गाउँमा लोप भएका मन्दिरहरुको खोजी गर्न थालिएको छ । नेपालमा मन्दिरको खोजी भइरहेको छैन । यहाँ मन्दिर मास्ने हिन्दूहरु नै रहेकाले त्यसको खोजीमा चासो लिएको देखिदैन । तर हिन्दूत्वप्रतिको भावना जागृत भएको छ । नेपालको सबै भूभागमा रहेका हिन्दूहरु हिन्दूत्वको रक्षा, सम्वर्द्धनका लागि संगठित भएर आवाज उठाउन थालेका छन् । नेपाललाई हिन्दू राष्ट्र नै कायम गर्नुपर्ने पक्ष बलियो भएको छ । हिन्दू राष्ट्का लागि आवाज सशक्त रुपमा उठिरहेको बेला राजावादीहरुले त्यसलाई राजतन्त्रसित जोड्न थालेको छ । राजाको पक्षमा जनमत बढेको बुझाइ उनीहरुको छ । त्यसकारण नै राजावादीहरुले राजालाई अगाडि सारेर विभिन्न प्रदर्शन, छलफल लगायतका कार्यक्रमहरु गर्न थालेका छन् । राजाप्रति जनमत बढेको सबैको आ-आफ्नो बुझाइ छ । तर सडकमा उत्रेर राजालाई स्थापित गर्ने जनमत बनेको देखिदैन । देशमा अहिले पनि राजनीतिक दलहरुको पक्षमा नै जनमत छ । राजाले चाहँदैमा जनमत उनको पक्षमा हुने सम्भावना बलियो छैन । हुन त समय र परिस्थितिले त्यो वातावरण बन्न पनि नसक्ने होइन । राजाको पक्षमा भन्दा देशको शासन प्रशासन चलाइरहेका दलहरुको प्रति वितृष्णा बढन थालेको छ । राज्यको गतिविधिबाट आमनागरिक सन्तुष्ट छैनन् । देशमा भ्रष्टाचार चरममा छ । सरकारले जनतालाई सुखानुभूति दिन दिनप्रतिदिन असफल हुँदै गइरहेको छ । आमनागरिकको समस्याबारे राज्य गम्भीर देखिएको छैन । युवा शक्ति पलायनको क्रम झन बढ्दो छ । तर देशको आर्थिक अवस्था झन कमजोर हुँदै गएको छ । जनताको मन जित्न सरकार पूर्णरुपमा असफल भएको छ । राज्यमा विभेद बढेको छ । संघीयतालाई कमजोर बनाउन सत्तासीन दलहरु नै लागेका छन् । प्रदेशको अवधारणाप्रति जनमानसमा असन्तोष बढेको छ । प्रदेश राज्यमाथि अनावश्यक भार भएको जनतामा नकारात्मक सन्देश फैलिन थालेको छ । देशका युवाको सोचलाई सरकारले सकारात्मक रुपमा लिन सकेको छैन । भ्रष्टाचारलाइ मलजल गर्ने र भ्रष्टाचारीलाई संरक्षण गर्न सरकार नै उद्यत छ । सरकारकै कारण देश कतिपय विषयमा असफल भइरहेको छ । त्यसबाट बढने असन्तुष्टिलाई राजावादीहरुले आफ्नो पक्षमा जनमत बनेको बुझ्न थालेको छ । नेपाललाई हिन्दू राष्ट्र बनाउने विषयमा जनमत संग्रह गरिए धर्मनिरपेक्षता हराउने छ । तर राजाको पक्ष र विपक्षमा जनमत संग्रह गरिए राजाको पक्ष धेरै पछाडि पर्नेछ । राजावादीहरु भ्रममा नपरी यथार्थ बुझेर नै अगाडि बढे हिन्दू राष्ट्रको अभियानलाई सफल बनाउन सक्छ ।

# ट्रम्पको कदमले विश्व राजनीतिमा नयाँ तरङ्ग



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

अहिले विश्वको नजर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पतर्फ केन्द्रीत छ । युक्रेनका राष्ट्रपति जेलेष्कीलाई स्पष्ट रुपमा 'रुससँग युद्ध गर्नु नत्र अमेरिकाको रकम फिर्ता गर्नु' भनेर दवाव बनाएको कारण विश्वको ध्यान ट्रम्पमाथि केन्द्रीत भयो । ट्रम्पले राष्ट्रपति पदको शपथ लिए लगत्तै अमेरिकाको कतिपय गोप्य दस्तावेजपनि सार्वजनिक गर्दा राजनीतिकवृतमा नयाँ तरङ्ग नै उत्पन्न भयो । ट्रम्पले भारतमा मोदीको पार्टीलाई हराउन पन्द्रह लाख मिलियन डलर खर्चिएको, मोदीलाई हराउनका लागि नेपालमा पनि पाँच लाख डलर पठाएको खुलासा गर्दै उनले जो वाइडेनले अमेरिकी जनताले तिरेको करको दुरुपयोग गऱ्यो भनेर कडा प्रतिक्रिया दिएका छन् । नेपालमा धर्म परिवर्तनका लागि अमेरिकाले रकम पठाएको सार्वजनिक गऱ्यो ।

ट्रम्पले अमेरिकाको रणनीतिमा ठूलो परिवर्तन ल्याउन सम्भावना छ । उनले अमेरिकी जनतासँग गरेको वाचालाई ध्यानमा राखेर यतिखेर, अवैध ढङ्गबाट भित्रिनेहरुलाई देश निकाला गर्ने अभियानकै रुपमा सञ्चालन गरेको छ । बर्षोदेखि शिक्षा र स्वास्थ्यजस्ता महत्वपूर्ण योजनामा आर्थिक एवम् प्रविधि सहयोग गर्दै आएका अमेरिकाले अप्रत्यासित रुपमा तत्काल ति सहयोग स्थगित गरेपछि विकासोन्मुख राष्ट्रहरु अचम्भित भएका छन् ।

नेपालमा धर्म परिवर्तन गराउन अमेरिकाले रकम पठाएको भनेर ट्रम्पले सार्वजनिक गरेपछि पश्चिमी मुलुकहरु योजनाबद्ध ढङ्गले नेपाललाई इसाइकरण गर्न खोजेको रणनीति स्पष्ट भयो । धर्म नितान्त व्यक्तिगत विषय भएपनि लोभमा पारेर धर्मपरिवर्तन गराउनका लागि अमेरिकाबाट रकम नेपाल भित्रिएको पुष्टि हुनु चिन्ताको विषय हो । नेपालको अस्मितामाथि एक किसिमले प्रहार नै हो । विकासोन्मुख राष्ट्रमा रकम खर्चिएर अमेरिकाले कसरी इसाई धर्मको पृष्ठपोषण गरिरहेको भनेर उजागर भयो ।

ट्रम्पले प्रमाणसहित खुलासा गरेका हुन् । संविधानसभाबाट संविधान जारी हुने बेलामा नेपाललाई धर्मनिरपेक्ष बनाउन युरोपियन मुलुकले धेरै बढी रकम खर्च गरेको भनेर व्यापक चर्चा चुँलिएको थियो । एक दसकपछि कतिपय नेताले घुमाउरो पारामा स्वीकारेको पनि थियो । मध्यकालमा युरोपियन मुलुक फ्रान्स र वेलायतले व्यापारको नाममा अन्य मुलुकमा प्रवेश गरी विस्तारै विस्तारै कतिपय मुलुकलाई उपनिवेश बनाएका थिए । अहिलेको युगमा सेनाको बलमा देश कब्जागर्न मुश्किल छ । त्यो वेलामा व्यापारलाई अस्त्र बनाएको थियो भने यतिखेर, धर्म परिवर्तनलाई अस्त्र बनाएको छ । धर्म परिवर्तनपछि मानिसमाथि सहज रुपमा आफ्नो वशमा राख्न सकिन्छ । यो पनि एक किसिमको राजनीतिक वर्चस्व कायम गर्ने रणनीति हो । तर, नेपालका कथित भाग्यविधाताहरु मौंनता धारण गरेका छन् । सोझा साझा जनतालाई झुक्याएर रुपैयाँको प्रलोभनमा पारेर धर्म परिवर्तन गराउनमा अमेरिकाको भूमिका हुनु बडो दुःखको विषय हो ।

रुस र युक्रेनको चर्चा गर्नुअगावै ट्रम्पले अमेरिकाका जनताले तिरेको करको सदुपयोग भइरहेको छ कि छैन भनेर अमेरिकी सहयोग नियोग (यूएसएआईडी)का साथै एमसीसीमार्फत सञ्चालित योजनाहरु पनि नब्बे दिनका लागि स्थगितगर्ने घोषणा गऱ्यो । सो अवधिमा अमेरिकाले सञ्चालित योजनाको अध्ययन गर्नेछ । त्यसपछि, योजनाहरु सञ्चालन गर्ने कि नगर्ने, योजनामा कटौंति वा कुनै मुलुकमा रोक लगाउने जस्ता निर्णय गर्नेछ । सो सङ्गठनमार्फत स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रमा सञ्चालित योजनाहरु स्थगित भएपछि विकासोन्मुख राष्ट्रमा नकारात्मक प्रभाव पर्ने सम्भावना छ । बालवालिकालाई आवश्यकपर्ने खोपलगायतका विभिन्न कार्यक्रमहरु अमेरिकाकै सहयोगमा सञ्चालित छन् । यदि, अमेरिकाले सहयोग नगरेको खण्डमा नेपाललगायत कतिपय मुलुकमा आर्थिक भार पर्नेछ । त्यसो भयो भने विकास प्रभावित हुनेछ । नेपालमा सो अमेरिकन संस्थामार्फत चारवटा योजनाहरुअन्तर्गत स्वास्थ्य, कृषि, शिक्षा र समावेशी नीति सञ्चालनमा छ । यूएसएआईडीले गैर सरकारी संस्था,अन्तर र्ष्ट्रिय गैरसरकारी संस्था र गैर नाफामूलक

> नेपालमा धर्म परिवर्तन गराउन अमेरिकाले रकम पठाएको भनेर ट्रम्पले सार्वजनिक गरेपछि पश्चिमी मुलुकहरु योजनाबद्ध ढङ्गले नेपाललाई इसाइकरण गर्न खोजेको रणनीति स्पष्ट भयो । धर्म नितान्त व्यक्तिगत विषय भएपनि लोभमा पारेर धर्मपरिवर्तन गराउनका लागि अमेरिकाबाट रकम नेपाल भित्रिएको पुष्टि हुनु चिन्ताको विषय हो ।

कम्पनीलगायतलाई अनुदान परिचालन गर्दै आएको छ । मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को सम्झौंतापछि नेपालको अस्तित्वमाथि खतरा छ भनेर व्यापक रुपमा प्रचार गरिएको थियो । उतिखेर, अब अमेरिकन सैनिक नेपाल आउने छ । नेपालबाट नफर्कने भनेर तथानाम गालीगर्दै काठमाडौंलगायत देशभर नै विरोधका कार्यक्रमहरु गरिएको थियो ।

कट्टर बामपन्थीले नेपालको सार्वभौंममाथि प्रहार हो भनेर व्याख्या गर्दथे ।

अर्नगल रुपमा प्रचार व्यापक रुपमा गऱ्यो । एमसीसी खारेजको माग गर्ने नेताहरु यतिखेर, किन मौंनता धारण गरेका छन् । ट्रम्पले त उनीहरुले खोजेअनुरुपको निर्णय गरेको छ भने स्वागत गर्नुपर्ने होइन र् । नेपालका विभिन्न महत्वपूर्ण पत्रपत्रिकामा त्यस किसिमका सामाचार प्रकासित हुन्थ्यो । एकजना पनि अमेरिकन सैनिक कतै देखिएन । यस्तै हो, नेपालको राजनीति । यहाँ राजनीति देशको लागि होइन कि व्यक्तिगत लाभको लागि गरिन्छ । एमसीसी शीर्षकमा अहिलेसम्म १० अर्ब रुपैयाँ खर्च भइसकेको छ । एमसीसी परियोजना सञ्चालनगर्ने मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसिए)ले अहिलेसम्म सात करोड १७ लाख डलर खर्च गरेको छ । त्यस्तै, नेपालतर्फबाट दुई करोड ४९ लाख डलर र (एमसीसी)को चार करोड ६७ लाख डलरको योगदान छ । अमेरिकी राष्ट्रपति ट्रम्पको आदेशको एमसीसीको नेपालमा सञ्चालित परियोजना अन्यौंलमा परेको हो । अमेरिकन संसद्ले रोक नलगाएको खण्डमा ट्रम्पले रोक्न सकिँदैन् । यदि, संसद्ले रोक्यो वा सम्झौंता खारेज गऱ्यो भने अमेरिकालाई क्षतिपूर्ति तिर्नुपर्ने हुन्छ । ट्रम्पको आदेशपछि एमसीए नेपालको कार्यक्रम रोकिएको जानकारी फागुन २ गते नेपाल सरकारलाई इमेलमार्फत जानकारी प्राप्त भएको थियो । नेपाल र उक्त निकाय बीच २०७४ साल भदौं २९ मा सम्झौंता भएको थियो । यस्ता किसिमका परियोजना अमेरिकाले करिव एकसय मुलुकमा सञ्चालन गरेको छ । नेपालमा यस योजनालाई अनावश्यक रुपमा विवादित बनाइयो । यदि, अमेरिकाले उक्त परियोजना पूर्णरुपले बन्द गऱ्यो भने नेपाललाई धेरै बढी क्षति हुने देखिन्छ । खासगरी, विद्युत उत्पादनका सडकका योजनाहरु तत्काल बढी प्रभावित हुनेछ ।

### रुस र युक्रेनबीच युद्ध

रुस र युक्रेनबीच युद्ध मुख्य कारण सोभियत सङ्घको स्थापना र विघटनसँग सम्बन्धित छ । सोभियत सङ्घको स्थापना सन् १९१७ मा भयो । रुसी साम्राज्यको सम्राट जारलाई हटाएपछि लेनिनले नेतृत्व गरेको बोल्सेभिक पार्टीले सत्ता कब्जा गऱ्यो । रुसमा गृहयुद्ध शुरु भयो । सोको फाईदा उठाउँदै लेनिनको लाल सेनाले स्वतन्त्र घोषणा गरेका राज्यमाथि कब्जा गऱ्यो । सन् १९२२मा जितपछि युक्रेन, बेलारुस र कोकस क्षेत्रलाई समायोजन गरी सोभियत सङ्घको स्थापना भयो । सोभियत सङ्घको आर्थिक अवस्था जर्जर हुन थालेपछि सन् १९९१मा युक्रेनसहित १५ वटा राज्यले स्वतन्त्र देशको घोषणा गऱ्यो । सोमध्ये सबै ठूलो भुभाग युक्रेनसँग रह्यो । अत्यधिक उपजाउ हुने जग्गा र खनिज सम्पदाले परिपूर्ण युक्रेनको सो भूमिमा रुसको नजर छ । रुसले यसअघि, दुईपटक युक्रेनमाथि आक्रमण गरेर केही भुभागमाथि कब्जा गरेको छ । अन्ततः जिलेष्कीले रुसबाट सधैंका लागि सुरक्षित हुन नाटोको सदस्य बन्न खोज्यो ।

युक्रेन नाटोको सदस्य बन्न प्रयासरत रहेको देखेपछि रुसका राष्ट्रपति पुटिनले युक्रेनमाथि आक्रमण गऱ्यो ।

युद्ध हुनुअगावै युक्रेनले विश्वका ४० देशमा खाद्यान निर्यात गर्दथ्यो । तर, दुई बर्षदेखि निरन्तर रुपमा युद्ध जारी रहदा हजारौं मानिस मृत्यु भएको र लाखौं युक्रेनी नागरिकको घर तहसनहस हुँदा अन्यत्र आश्रय लिनुपर्ने अवस्था छ । कृषि क्षेत्रका साथै उद्योगहरु प्रायः क्षतिग्रस्त हुँदा बेरोजगारीको समस्या विकराल बन्दै गएको छ । युक्रेनबाट खाद्यानलगायतमा महत्वपूर्ण वस्तुहरुको निर्यात रोकिएपछि महङ्गीको असर विश्वमैं देखा पऱ्यो ।

केही दिनअघि, युक्रेनका राष्ट्रपति जेलेष्की अमेरिकाका नवनिर्वाचित राष्ट्रपति ट्रम्पसँग भेट्न ह्वाइट हाउस पुगेका थिए । ट्रम्पले उनलाई रुससँग युद्ध विरामगर्न दवाव दिएपनि जिलेष्कीले घुमाउरो ढङ्गले असहमति प्रकट गऱ्यो । सो कारणले ट्रम्प आक्रोसित मुद्रामा सञ्चारकर्मीकै सामुन्ने राष्ट्रपति जेलेष्कीलाई हकार्नसम्म हकारेकै छन् । "युद्धविराम गर, नत्र अमेरिकाको ३५० मिलियन डलर अविलम्ब फिर्ता गर" भनेका छन् । "अमेरिकाको पैसा र हतियार लिएर युद्ध गर्ने अनि अटेरपनि गर्ने ?" उनले जिलेष्कीलाई तेस्रो विश्वयुद्धतर्फ किन धकेलिन खोजिएको भनेर आक्रोसपनि व्यक्त गरेको थियो । अहिले रुसी पक्ष र तटस्थ मुलुकहरु ट्रम्पको अभिव्यक्तिलाई सकारात्मक रुपमा लिएको छ । अर्कोतर्फ , युक्रेनलाई सहयोगगर्ने युरोपियन मुलुकहरु स्तब्ध छन् । गाउघरमा दुई साथीबीच झगडा हुँदा सामान्य भनाभनपछि 'मेरो खाएको रकम फिर्ता गर' भन्दै झगडा गर्छन् । अहिले ट्रम्पले उस्तै गाउले झगडियाजस्तै मेरो कुरा नमानेकाले तु रकम फिर्ता भनेर बर्बराइरहेका छन् । जे भएपनि, रुस र युक्रेनको युद्ध रोक्नमा चाँडै सफलता पाउने सम्भावना देखिन थालिएको छ । युक्रेनका राष्ट्रपतिले पछिल्लो समय अमेरिकी राष्ट्रपति ट्रम्पसँग भेटेपछि उनले नाटोको सदस्यताको चाहना प्रकट गरेका थिए । तर, अमेरिकाले नाटोमा सामेल गराउन नसक्ने स्पष्ट जवाफ फर्काएका थिए ।

### नाटो के हो ?

उत्तरी अटलान्टिक सन्धि सङ्गठन(नाटो) को स्थापना ४ अप्रिल १९४९मा वासिँगटनमा भएको थियो । फ्रान्स, बेल्जियम, लक्जमर्ग, वेलायत,नीदरलेण्ड, क्यानाडा, डेनमार्क, आइसलेण्ड, इटली, नर्वे, पुर्तगाल र संयुक्त राज्य अमेरिका मिलेर सो सङ्गठनको स्थापना गरेका थिए । यो एक सैन्य सङ्गठन हो । यी सदस्य राष्ट्रहरुमाथि बाहिरका कुनै मुलुकले आक्रमण गऱ्यो भने नाटोका राष्ट्रहरु मिलेर युद्ध लड्नुनै मुख्य उद्देश्य हो ।

अहिलेसम्म ३१ राष्ट्र नाटोमा सामेल छन् । युक्रेन नाटोको सदस्य राष्ट्र भएको भए यतिखेर, अमेरिका, वेलायतलगायत नाटोका राष्ट्रहरु रुसमा सैन्य आक्रमण गरिसकेको हुन्थे । रुसकै कारण नाटोको जन्म भएको हो । द्वितीय विश्वयुद्धमा अमेरिका, रुस र वेलायतका सेनाहरु मिलेर जर्मनी र जापानविरुद्ध युद्ध लडेका थिए । युरोपका मुलुकहरुमा जहाँ जहाँ रुसमा सेना पुगे, ति राष्ट्रलाई विभाजित गरेर भएपनि साम्यवादी राष्ट्र बनाए । युरोपबाट सेना फिर्ता हुन नचाहेपछि नाटोको स्थापना गर्न बाध्य हुनुपरेको थियो ।

राष्ट्रपति ट्रम्पले गैरकानुनी आप्रवासीलाई निष्कासनगर्ने नीतिहत गत, बुधवारपनि दस नेपालीलाई विशेष विमानबाट काठमाडौ पुऱ्याएको हो । अहिलेसम्म ३१ जना अमेरिकाबाट आइसकेका छन् । यसका साथै, अमेरिकामा अध्ययनरत नेपाली विद्यार्थीले रोजगार गर्न नपाउने समस्या देखिन थालिएको छ । अधिकांस विद्यार्थीहरु केही घण्टा रोजगार गरी पढाइका खर्च जुटाउँथे । ट्रम्पको नीतिको कारण अमेरिकामा पढ्ने नेपाली विद्यार्थीलाई बस्न असहज भएको छ । अमेरिकाबाट फर्काइएका व्यक्तिमध्ये कतिपयले अमेरिका पुग्नका लागि ५० लाख देखि एक करोडसम्म खर्च गरेका छन् । यत्रो रकमले आफ्नै मुलुकमा रोजगार सहज ढङ्गले गर्न सकिन्छ । स्वाभिमानका साथ आफ्ना परिवारसँग बस्न पनि पाइन्छ ।'इतिश्री'

# सबै राजा बन्न चाहने देश



जेबी दर्लामी

पूर्वराजा ज्ञानेन्द्र शाहको पछिल्लो अभिव्यक्तिपछि तातिएको देशको राजनीतिक मौसम यत्तिकै सेलाएर जालाजस्तो छैन । उनको त्यस अभिव्यक्ति सानोतिनो तयारीका साथ आएकै थिएन तर गणतन्त्रको रक्षक हौं भन्नेहरूले अझै पनि त्यसलाई गम्भीरतापूर्वक पर्गेलेका छन् भन्ने देखिँदैन ।

यही फागुन ७ गतेको उनको मन्तव्य सुन्दा-पढ्दा लाग्छ कि त्यसअघि उनले बोल्ने गरेको दरबारिया कलमको भाषा त्यसमा पटक्कै छैन । बरु त्यसमा अहिले केही मिडियाले प्रयोग गरिरहने भाषा र भाष्यलाई प्रयोग गरिएको छ ।

जति आश्चर्यजनक घटना त्यस दिन ज्ञानेन्द्रले गरेको साहसलाई मान्न सकिन्छ, उति नै राजनीतिक दलहरूले साधेको मौनतालाई लिन सकिन्छ । त्यसअघि कतै ज्ञानेन्द्रले थोरै मात्र राजनीतिक असन्तुष्टिको बोली बोल्दा तत्क्षण प्रतिक्रिया दिने दलहरू यसपटक उनले सत्ता नै हातमा लिने आह्वान गरिरहँदा भने प्रतिक्रियाविहीन भई बसे । केही दल र नेताको प्रतिक्रिया एकदमै ढिलो गरेर आयो । यसलाई कसरी अर्थ्याउन सकिन्छ, राजनीतिक विश्लेषक तयार होलान् नै ।

ज्ञानेन्द्रको मन्तव्यपछि देशैभर राजसंस्थाको पक्षमा जुन माहोल बनिरहेको छ, बनाइएको छ, त्यसबाटै प्रमाणित हुन्छ कि उनको मन्तव्य निकै तयारीका साथ आएको छ तर हामीले बुझ्नुपर्ने कुरा के छ भने ज्ञानेन्द्रको मन्तव्य त सलाईको काँटी सल्केको जस्तो मात्रै हो, खासमा असन्तुष्टि नामको बारुदको चाङ त यो देशमा पहिल्यै तयार छ । यो तयार गर्नमा मूलधारका भनिने राजनीतिक दल नै मुख्य जिम्मेवार छन् ।

त्यसअघि कतै ज्ञानेन्द्रले थोरै मात्र राजनीतिक असन्तुष्टिको बोली बोल्दा तत्क्षण प्रतिक्रिया दिने दलहरू यसपटक उनले सत्ता नै हातमा लिने आह्वान गरिरहँदा भने प्रतिक्रियाविहीन भई बसे । केही दल र नेताको प्रतिक्रिया एकदमै ढिलो गरेर आयो । यसलाई कसरी अर्थ्याउन सकिन्छ, राजनीतिक विश्लेषक तयार होलान् नै ।

खासमा यो गणतन्त्र नामको व्यवस्था झुटो छ, यो नक्कली गणतन्त्र हो । संघीयताका नाममा गलत अभ्याससहितको यो व्यवस्था एक दिन जसरी पनि परिवर्तन हुनैपर्छ, हुने नै छ, नभए ढल्ने निश्चित छ । यो व्यवस्था कुनै दिन साँचो गणतन्त्रमा जाला या पछाडि फर्केर पुनः राजतन्त्रमा पुग्ला ? अनिश्चित छ । यही तरिकाले हो भने यिनै दल र नेताहरूले विगतमा जस्तै सत्ताको साँचो दरबारमा बुझाएर आफूहरू चाहिँ बिन्तीपत्र लेखाउन नबस्लान् भन्न सकिने अवस्था पनि छैन ।


गणतन्त्र नामको यो व्यवस्था झुटो किन भनिएको हो भने संविधानसभामार्फत यसलाई घोषणा गरिँदा विज्ञहरू सम्मिलित राज्य पुनर्संरचना आयोगको सुझावलाई रद्दीमा फालिएको थियो । आयोगको बहुमत सदस्यले प्रदेशको संरचना १० जोड एक (१० वटा भौगोलिक र एक गैरभौगोलिक) हुने गरी बुझाएको रायलाई पैतालामा कुल्चने यिनै दल थिए । यस विषयमा थप विस्तारमा जानुपर्ने देखिन्छ । किनभने कुनै पनि रोगको सुरुवात नै सानोबाट हुने हो । गणतन्त्रमा लागेको रोगको पहिलो लक्षण पनि यही थियो ।

आयोगले संविधानसभामा बुझाएको प्रदेशका नाम यस्ता थिए : १) लिम्बुवान, २) किरात, ३) ताम्सालिङ, ४) मधेश मिथिला-भोजपुरा, ५) नेवा, ६) नारायणी, ७) तमुवान, ८) मगरात, ९) कर्णाली-खप्तड, १०) मधेश-अवध-थारुवान ।

यससँगै देशभरिका दलित समुदायका लागि ११औं प्रदेश गैरभौगोलिक हुनुपर्ने सुझाव थियो ।

उल्लिखित नाममा धेरै आपत्ति जनाउनेमा अहिलेका ठुला पार्टीहरू शीर्ष स्थानमा थिए । उनीहरूले आफ्ना जन, धन र पहुँचको अधिकतम प्रयोग गरेर यसलाई जातीय रङ दिन सफल भए । यसमा सोझासिधा जनता पनि तिनका षड्यन्त्रको पासोमा सजिलै परे ।

जनतालाई यति कुरा मात्रै बुझाउन पनि सकिएन कि जात र जाति भनेका नितान्त फरक विषय हुन् । जात भनेको हिन्दु वर्णाश्रमले तोकेको कथित तल्लो र माथिल्लो भन्ने वर्गीकरण हो । यसमा छुत-अछुत भन्ने हुन्छ । यसले मान्छे मान्छेबिचमा भेदभाव सिर्जना गर्छ, विभेद गर्छ । तर जाति भनेको हिन्दु वर्णाश्रममा नपर्ने समुदायलाई जनाउने कुरा हो । उदाहरणका लागि मगर कुनै जात होइन, यो जाति हो । राई, लिम्बु, तामाङ, गुरुङ आदि यो देशका आदिवासी समुदाय कुनै जात होइनन्, उनीहरू एकापसमा छुवाछुत गर्दैनन्, सामुदायिक तहमा विभेद पनि गर्दैनन् ।



तसर्थ माथि उल्लेख गरिएका प्रदेशका नामकरण जातका आधारमा होइन, जातिका आधारमा थियो । समुदायका आधारमा थियो तर बुझेकाले बुझ पचाए, नबुझेका त त्यसै कुहिरोको काग बन्न विवश भए । आखिरमा यति धेरै धनराशि नष्ट गरेर काम गरेको उच्चस्तरीय आयोगलाई पङ्गु बनाएर यिनै दल हाबी भइदिए र यिनकै अनुकूल हुने गरी देशको सीमाङ्कन नक्साङ्कन गर्ने काम भयो । मौका समातेर पछि नामकरण गर्ने काम पनि यिनीहरूकै अनुकूलतामा भयो । देश संघीयतामा गइसक्दा समेत अखण्डताको नाममा देशभर नाटक मञ्चन गरियो । कतिले यही सन्दर्भमा ज्यान दिनुपऱ्यो । केही नागरिक अझै जेलमा छन् । टीकापुर घटना त्यही अखण्डवालाहरूले गरेको कामको घीनलाग्दो परिणाम थियो ।

देशभरि अखण्डको आलाप गाउन एक मुख भएका दलहरू आफ्ना केही नेताको भोट बैंक सुरक्षित पार्न भने जिल्ला टुक्र्याउन सहमत भए । नयाँ जिल्ला त्यही कारण जन्मिए । केही जिल्लाहरू त्यही कारण गाभिए ।

अझ यी दलले नेपाली जनतालाई भेडा नै ठानेको उदाहरण खोज्नुपरे संविधानलाई पढे पुग्छ । संविधानमा धर्मजस्तो संवेदनशील विषयमाथि मजाक गरिएको छ । सारमा यो संविधान हिन्दु धर्मसापेक्ष नै हो तर रूपमा भने धर्म निरपेक्ष हो कि भन्ने पारिएको छ । फलतः अतिवादीले त्यसको रूपमाथि टेकेर धर्मको राजनीति गर्ने मौका पाइरहेका छन् ।

यो देशका आदिवासी, दलित, मधेशी, महिला र सीमान्तकृतलाई २०६३ सालको अन्तरिम संविधानले दिएजति मात्रै अधिकार पनि २०७२ को संविधानमा खोस्ने काम गरियो । संविधान नै यसरी विभेद र विभाजनकारी बनेपछि देशमा बस्ने ठुलो जनसंख्याले यसमा आफ्नोपन महसुस गर्न पाएन । उसको यो राज्यमा समान सहभागिता छुट्दै गयो । मत मतान्तर घट्नुको साटो बढ्दै गयो । समाजको अन्तर्विरोध बुझेर त्यसलाई सम्बोधन गर्न सक्ने व्यक्ति या संस्था कोही, केही देखा नै परेन । यस्तोमा देशभर निराशा नफैलिएर के फैलन्छ ?

जात र जाति भनेका नितान्त फरक विषय हुन् । जात भनेको हिन्दु वर्णाश्रमले तोकेको कथित तल्लो र माथिल्लो भन्ने वर्गीकरण हो । यसमा छुत-अछुत भन्ने हुन्छ । यसले मान्छे मान्छेबिचमा भेदभाव सिर्जना गर्छ, विभेद गर्छ । तर जाति भनेको हिन्दु वर्णाश्रममा नपर्ने समुदायलाई जनाउने कुरा हो ।

देश गणतन्त्रमा प्रवेश गरिसकेपछि वास्तविक जनतन्त्रको अपेक्षा गर्नु आम नेपाली जनताको गल्ती थिएन । तर सत्तामा हालीमुहाली गर्नेहरूले पालैपालो देशको दोहन गर्नेबाहेक अरुतिर ध्यानै दिएनन् । राष्ट्रपति र प्रधानमन्त्रीले शीतल निवासबाट विमानस्थलसम्म जान र काठमाडौंबाट बनेपा पुग्न समेत हेलिकोप्टर चढेको हामीले देखेका छौं । गाउँगाउँमा सिंहदरबारका नाममा दलहरूको सिन्डिकेट हामीले भोगेका छौं । सत्ताका निकट मुठीभर चम्चेहरूले रातारात धन-दौलत थुपारेको पनि हेर्नुपरेकै छ । जे देख्न पाउने अपेक्षा थियो, त्यो भने जनताले पाएनन् । विद्यार्थी र क्षमतावान् युवाहरूको विदेश पलायन रोक्ने कुनै योजना राज्य सत्ता कब्जा गरेर बसेकाहरूसँग आजपर्यन्त देखिएन । राज्यशक्तिको आड लिएर झोलामा खेती गरिरहेकाहरू मौलाएर आए तर वास्तविक किसानलाई सम्बोधन गरेको देख्न पाइएन । मजदुरहरूको हितमा कुनै योजना बनेको देख्न पाइएन । राज्यका हरेक तहमा समानुपातिक समावेशिताको झिनो आभाससम्म देख्न वा सुन्न पाइएन । यस्तो पनि गणतन्त्र हुन्छ र ?

बलिदानको भुङ्गोबाट उठेकै मान्छे पनि सिंहदरबारमा पुगेपछि राजा बन्न चाहने देश बनेको छ नेपाल । सामान्य वडाध्यक्षको पाँच वर्षे पदलाई समेत यहाँ त बपौती ठानिसके मान्छेले । यस्तो समयमा अढाई सय वर्ष शासन गरेको राजसंस्थाको प्रतिनिधिले शक्तिमा आउने लालच देखाउनुलाई अन्यथा पनि कसरी मान्नु ?

# विपद् व्यवस्थापनको अधिकार प्रदेशलाई हस्तान्तरण गरिने



कर्णाली । गृहमन्त्री रमेश लेखकले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई हस्तान्तरण गरिएको बताउनुभएको छ ।

सरकारद्वारा आइतबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित 'प्रादेशिक आपतकालीन गोदामघर हस्तान्तरण' कार्यक्रममा उहाँले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नीति, निर्देशन र स्वामित्वमा रहेको अधिकारलाई हस्तान्तरण गरिएको बताउनुभयो ।

अब विपद् पर्दा केन्द्रमा सोध्नु नपर्ने र त्यसको व्यवस्थापन प्रदेश सरकार आफैँले गर्नेगरी अधिकार हस्तान्तरण गरिएको उहाँले जनाउनुभयो ।

उहाँले भन्नुभयो, "सरकारले विपद् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राखेर आपत्कालीन गोदामघर सातवटै प्रदेशमा व्यवस्था गरेको छ, जनताको नजिकको सरकार स्थानीय तह भएकाले त्यहाँ पनि आपतकालीन गोदामघर निर्माण गर्ने व्यवस्था मिलाउँछौँ, प्राधिकरणसहित प्रधानमन्त्रीको अध्यक्षताको राष्ट्रिय परिषद् र आफ्नो संयोजकत्वको कार्यकारी समितिले जोखिम न्यूनीकरणमा संवेदनशील भएर काम गरेको छ ।"

गृहमन्त्री लेखकका अनुसार डोटी, बझाङ, बाजुरा र जाजरकोट केन्द्रविन्दु भएर गएको भूकम्पबाट क्षतिग्रस्त संरचनाको विवरणअनुसार पुनःनिर्माण र पुनःस्थापनका कार्यलाई अगाडि बढाइएको छ । जाजरकोटमा प्राधिकरणको संरचना र त्यहाँको अवस्था बुझ्न उहाँ त्यसतर्फ लाग्नुभएको छ । उहाँले आइतबारै कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेललाई वीरेन्द्रनगर नगरपालिका-७ सुर्खेत इत्रामस्थित रहेको प्रादेशिक आपतकालीन गोदामघर लिखित रुपमा हस्तान्तरण गर्नुभएको छ ।


'प्रादेशिक आपतकालीन गोदामघर हस्तान्तरण' कार्यक्रममा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री कँडेलले संरचना हस्तान्तरण मात्र नभई त्यससँग सम्बन्धित निकाय र तत्सँगसम्बन्धी अधिकार हस्तान्तरण गर्न केन्द्र सरकार तयार हुनुपर्ने धारणा राख्नुभयो । उहाँले आपतकालीन गोदामघर हस्तान्तरण गर्न सात वर्ष लागेको भन्दै हस्तान्तरित संरचनासँगै सङ्घीय सरकारले आवश्यक बजेटको व्यवस्थापनसमेत गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख भीष्मकुमार भुसालले मानवीय सहायता सामग्रीको परिचालन गर्ने जिम्मा यसअघि गृह मन्त्रालयलाई दिइएको बताउनुभयो ।

मुलुक सङ्घीयतामा गइसकेपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले समग्र विपद् व्यवस्थापनमा सबै तहका सरकारको भूमिका तोकका सन्दर्भमा अब यस्ता खालका आपतकालीन सहायता सामग्री छिटोभन्दा छिटो विपद्बाट प्रभावितसम्म पुर्याउन व्यवस्थापनको अधिकार विकेन्द्रित गरिएको उहाँले बताउनुभयो ।रासस

# राष्ट्रियसभालाई अझ प्रभावकारी बनाउन संविधान संशोधन गर्नुपर्छः सांसद मिश्र

काठमाण्डु । राष्ट्रियसभालाई प्रतिनिधिसभाले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन जरुरी देख्दैछु । प्रतिनिधिसभाका समानुपातिक सांसदलेसमेत राष्ट्रियसभाका सदस्यलाई हेर्ने नजर फरक हुनु आश्चर्यजनक छ । जबकि राष्ट्रियसभाका सदस्यहरु देशैभरिका प्रत्येक प्रदेश र स्थानीय तहबाट निर्वाचित भएर आएका हुन्छन् । राष्ट्रियसभाको महत्वलाई कमजोर बनाउने प्रयत्न भइरहेको छ। अब राष्ट्रपति र प्रधानमन्त्री हुने र चुन्ने अधिकार राष्ट्रियसभालाई पनि दिइनुपर्छ । त्यसको संवैधानिक व्यवस्था गर्नुपर्छ । प्रतिनिधिसभाका एक सांसदले हालै राष्ट्रियसभा भनेको 'वृद्धाश्रम' जस्तै हो भनेर टिप्पणी गरेको पाइयो । खासमा राष्ट्रियसभा भनेको अनुभव भएका, राजनीतिमा खारिएका व्यक्ति रहने ठाउँ हो । राष्ट्रियसभाको महत्वलाई गलत व्याख्या गर्न हुँदैन । प्रतिनिधिसभामा जति जनताका सवाल उठेका छन्, त्यति नै राष्ट्रियसभामा पनि उठाइएको छ ।



संविधानमा कतिपय कुराहरु महत्वकाङ्क्षी छन् जुन कहिल्यै पूरा नहुने किसिमका छन् । त्यसैले संविधानमा भएका सबै कुरा कार्यान्वयन हुन्छ जस्तो मलाई लाग्दैन । हामीले उतिबेलै संविधान बनाउने क्रममा नसक्ने कुरा नलेखेको भए अहिले कार्यान्वयन गर्ने बेला समस्या हुने थिएन । संविधानमा भएका कार्यान्वयन गर्न सकिने विषय कार्यान्वयन भएकै छन् र अन्य कुराहरु विस्तारै कार्यान्वयनमा जाने अपेक्षा गर्न सकिन्छ । संविधान कार्यान्वयनका क्रममा देखिएका कमीकमजोरी र अप्ठ्यारा हटाउन तथा जनताको इच्छा मुताबिक सामयिक परिवर्तन गर्नुपर्दछ । संसदमा क्रियाशील राजनीतिक दलहरुको सहमतिमा संविधान संशोधन गर्नुपर्दछ । संविधान संशोधनजस्तो महत्वपूर्ण र दूरगामी महत्व बोक्ने विषयमा कुनै सरकारले वा कुनै एक राजनीतिक दलले मात्र चाहेर हुने कुरा होइन । सबैभन्दा पहिला संविधान कुन विषयमा संशोधन गर्ने हो, त्यसमा सरकार र सत्तारुढ दलहरु प्रष्ट हुनुपर्छ । जनताको राय पनि लिनुपर्छ । उनीहरुको इच्छाविपरीत संविधान संशोधन हुँदैन । यो कुरा राजनीतिक दल र दलका नेताहरुले प्रष्टसँग बुझ्नुपर्छ ।

मलाई लाग्छ अहिलेको गठबन्धन सरकारले सुशासनका लागि काम गरिरहेको छ । अमनचयन पनि देशमा कायम छ । सङ्घीय, प्रदेश र स्थानीय तीनै तहका सरकारले सही तरिकाले जनतालाई सेवा दिइरहेको प्रतीत हुन्छ । भ्रष्टाचार गर्ने कुनै पनि व्यक्तिलाई छाडेको देखिन्न । हिंसा, हत्या, बलात्कारका घटना कम हुँदै गएका छन् ।

हामीले २०४६ वा २०६२/६३ सालमा गरेको आन्दोलन लोकतान्त्रिक गणतन्त्रको निम्ति हो । लोकतान्त्रिक गणतन्त्रले परिलक्षित गरेका व्यवस्थाको कार्यान्वयनका लागि कसैले पनि अवरोध पुर्याउनु हुँदैन । स्थानीय र प्रदेश सरकारलाई आफ्नै तरिकाले चल्न दिनुपर्छ । त्यसलाई सङ्घीय सरकारले हस्तक्षेप गर्नु हुँदैन । अर्को कुरा, स्थानीय र प्रदेश सरकारलाई संविधानले दिएको अधिकार दिनुपर्छ । त्योसँगै स्थानीय र प्रदेश सरकारले पनि आत्मनिर्भर हुन सिक्नुपर्छ । स्थानीय स्रोतसाधनबाटै स्थानीय सरकार बलियो बन्नुपर्छ ।

देशको व्यवस्था फेरियो अवस्था उस्तै छ भन्नेहरुले देशलाई भड्खालोमा हाल्न खोज्दैछन् । देशको व्यवस्था फेरिएसँगै जनताको अवस्था पनि फेरिएको छ । पहिला मेरो गाउँमा साइकल चढ्ने हैसियत नभएका मानिस थिए । अहिले मोटरसाइकल, गाडी चढ्ने भएका छन् । यो जनताको अवस्थामा आएको परिवर्तन हो । एउटा सिटामोल किन्न पनि हिजो निकै टाढा जानुपर्ने हुन्थ्यो । अहिले गाउँगाउँमा, वडावडामा स्वास्थ्यचौकी रहेका छन् । पहिले थिएन, अहिले टोलटोलमा विद्यालय पुगेको छ । प्रत्येक गाउँघरमा इन्टरनेटको सेवा पुगेको छ । गाउँका मानिसले गाउँकै बसेर संसार हेर्न पाइरहेका छन् । गाउँमा उत्पादित वस्तु गाउँमै बिक्री गर्न सक्ने अवस्था सिर्जना भएको छ । हो, हामीले शिक्षाको गुणस्तरण सोचेजति कायम गर्न सकेका छैनौँ । त्यसलाई तत्काल सुधार गरेर लैजानुपर्छ । नेपालको माटोअनुसारको शिक्षा प्रणाली चाहिन्छ, व्यावहारिक प्राविधिक शिक्षा आजको आवश्यकता हो ।

युवा शक्तिलाई देशभित्रै राख्न अहिले त्यति सजिलो छैन । हामीले युवालाई कृषिसँग जोड्न सकेका छैनौँ । कृषि उत्पादन बढाउन सकेका छैनौँ । देशमा नयाँनयाँ उद्योग, कलकारखाना खोल्न सकिएको छैन । हामीले चाहेको खण्डमा कृषिको व्यवसायीकरणबाटै विदेसिएका युवालाई नेपालमा ल्याउन सक्छौँ । कृषिमा लगानी गर्दा युवा पलायन रोक्न सकिन्छ । विकासका लागि राजनीतिक दलहरु मिल्नुको विकल्प छैन । हिजो राजतन्त्र फाल्नका लागि जसरी राजनीतिक दलहरु मिलेर सडकमा आएका थिए अब देशको विकासका लागि सबै दलहरु एकजुट भएर अगाडि बढनुको विकल्प छैन । सधैँ राजनीतिक खिचातानी ठीक होइन ।

अबको मेरो योजना भनेको देशलाई आर्थिक रुपमा बलियो बनाउन पहल गर्ने नै हो । सबैभन्दा पहिला देश आत्मनिर्भर बन्नुपर्छ । उद्योग, कलकारखाना खोल्नका लागि सरकारलाई घच्घच्याउने मेरो भूमिका हुन्छ । मैले संसद्मा पनि यही कुरा बोलिरहेको हुन्छु, सबैभन्दा पहिला देशले आफैँ आम्दानी गर्नुपर्छ । अर्को, भएका ऐन कानुन कार्यान्वयनमा मेरो भूमिका हुन्छ । कानुन बनेन भनेर मात्रै हुँदैन । जनताका विषयलाई संसद्मा उठाउने र सरकारको ध्यानाकर्षण गराउने पनि मेरो भूमिका हुन्छ ।

सरकारले ज्येष्ठ नागरिकका लागि समयानुसार जीविका भत्ता बढाउनुपर्छ । रासस

## 'क्रिकेटको विकासका लागि सबै प्रदेशमा रङ्गशाला निर्माण आवश्यक'

भैरहवा ।उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले क्रिकेटको विकासका लागि सात वटै प्रदेशमा रङ्गशाला निर्माण आवश्यक भएको बताउनुभएको छ । आइतबारदेखि यहाँ सुरु प्रधानमन्त्री कप राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै उहाँले पूर्वाधार तथा सुविधाको अभावमा पनि नेपाली क्रिकेट क्षेत्रले उल्लेख्य सफलता हासिल गरेको बताउनुभयो ।

"क्रिकेटको विकासमा सरकार प्रतिबद्ध छ, अभावकै बीचमा पनि नेपाली क्रिकेटले अन्तरराष्ट्रिय स्तरमा प्राप्त गरेको उपलब्धि उल्लेखनीय छ", उहाँले भन्नुभयो । उहाँले क्रिकेटको विकासमा निजी क्षेत्रको पनि भूमिका रहने उल्लेख गर्दै यस क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिनुभयो । "नेपाल प्रिमियर लिग (एनपिएल) जस्ता प्रतियोगिताले यस क्षेत्रमा आशा जागेको छ, थप लगानीको वातावरण निर्माण भएको छ", उहाँले भन्नुभयो ।

लुम्बिनी प्रदेश क्रिकेट सङ्घको व्यवस्थापनमा भइरहेको प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगितामा कूल ४६ वटा खेल खेलाइने छ । यी सबै खेल रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एक्स्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङको लमहीमा रहेको देउखुरी अन्तरराष्ट्रिय रङ्गशालामा खेलाइने जनाइएको छ ।

प्रतियोगितामा सात वटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभागीय टोलीसहित १० वटा टोलीहरुले सहभागिता जनाउँदै छन् । प्रतियोगिताको पहिलो दिन सिद्धार्थ क्रिकेट रङ्शालामा लुम्बिनी र कोशी प्रदेश, एक्स्ट्राटेक ओभलमा विभागीय टोली सशस्त्र प्रहरी र बागमती प्रदेश तथा लमहीको देउखुरी रङ्गशालामा सुदूरपश्चिम र कर्णाली प्रदेशबीच खेल भइरहेका छन् ।रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण



काठमाण्डु । सांसदहरुले राजतन्त्र पक्षधरको नाराजुलुसदेखि दलितमाथिको विभेद, शिक्षक आन्दोलन, हवाई सुरक्षालगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

राष्ट्रियसभाको आइतबारको बैठकको शून्य समयमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सांसद उदयबहादुर बोहोराले केही समययता काठमाडौँलगायत मुलुकका केही सहरमा नाराजुलुस भइरहेको उल्लेख गर्दै लोकतन्त्रमाथि प्रहार भएकामा चिन्ता व्यक्त गर्नुभयो । उहाँले सरकार र राजनीतिक दलले कार्यशैली सच्याउन आवश्यक रहेको बताउनुभयो । मुलुकबाट बेतिथिको अन्त्य, महङ्गी नियन्त्रण र सुशासन प्रवर्द्धनमा सरकार दृढतापूर्वक लाग्नुपर्नेमा उहाँको जोड थियो ।

सोही पार्टीका सांसद गोमादेवी तिमल्सिनाले लामो समयदेखि उदयपुर सिमेन्ट उद्योग नेतृत्वबिहीन भएको र कर्मचारीहरुले महिनौदेखि तलव नपाएको उल्लेख गर्नुभयो । उहाँले तत्काल उद्योग सञ्चालन गर्न समेत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय जनमोर्चाका सांसद तुलप्रसाद विश्वकर्माले दलितमाथिको विभेदका घटना बढिरहेको उल्लेख गर्दै ती घटनामा संलग्नहरु कानुनी दायरामा आउन माग गर्नुभयो । उहाँले पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्न सरकार समक्ष माग गर्नुभयो ।

सांसद मदनकुमारी शाहले महिलालाई आत्मनिर्भर बनाउन र समृद्ध नेपाल निर्माणको अभियानमा लाग्न आग्रह गर्नुभयो । सांसद राजेन्द्रलक्ष्मी गैरेले सामुदायिक विद्यालयमा पठाउने शिक्षक आन्दोलनमा रहेको उल्लेख गर्दै विगतमा भएका सम्झौता कार्यान्वयन हुन नसकेको बताउनुभयो । उहाँले शिक्षकको माग सम्बोधन गर्न समेत माग गर्नुभयो ।

नेपाली कांग्रेसका सांसद दुर्गाकुमारी गुरुङले बर्दिया राष्ट्रिय निकुञ्ज आसपासका बासिन्दा जङ्गली जनावरको आक्रमणको त्रासले सास्ती बेहोरिरहेको उल्लेख गर्दै निकुञ्ज क्षेत्रका बस्तीमा तारजालीको व्यवस्था गर्न माग नर्गुभयो । कांग्रेसकै सांसद नारायणदत्त मिश्रले देशभरका शिक्षकहरु आन्दोलनमा रहेको भन्दै उनीहरुको मागलाई वार्ताको माध्यमबाट समाधान खोज्न सरकार समक्ष माग गर्नुभयो । उहाँले महिलाको हक अधिकार संरक्षण र यसको क्षेत्रको दायरा फराकिलो बनाउन सरोकारवाला गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद युवराज शर्माले संविधानको संरक्षण र कार्यान्वयनका लागि यसका पक्षधर राजनीतिक दलहरुबीच अधिकतम सहमति गरी मुलुकमा सुशासन प्रवर्द्धन र जनआकांक्षा पूरा गर्न प्रतिबद्धताका साथ लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद भुवनबहादुर सुनारले मुलुकका केही स्थानमा भएका घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सोही पार्टीका सांस सुरेश आले मगरले महिला मुक्ति आन्दोलनका लागि अझै सङ्घर्ष जरुरी रहेको बताउनुभयो । उहाँले बागबजारदेखि मैतिदेवीसम्मको सडक दुईतर्फी बनाउन सरकारसमक्ष माग गर्नुभयो ।

जनता समाजवादी पार्टीका सांसद मोहम्मद खालिदले केही दिनअघि बुद्ध एयरको एउटा जहाज जनकपुरबाट पाङ्ग्रा बिना काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा अवतरण गरेको विषयले हवाई सेवा र सुरक्षित यात्राबारे प्रश्न उठेको भन्दै सरोकारवालाको ध्यानाकर्षण गराउनुभयो । "यस्ता घटनाले पर्यटन क्षेत्रलाई समेत हतोत्साहित गर्छ । कुनै भौगोलिक विविधता र मौसमको प्रतिकूलता थिएन । सरोकारवालाले गम्भीरतापूर्वक अब यस्ता घटना सकेसम्म नदोहोर्‍याउने प्रतिबद्धता जनाउन जरुरी छ ।"रासस

# बजेटमा तीन करोडभन्दा कम लागतका आयोजना समावेश नगर्न अर्थमन्त्रीको जोड

काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेटमा रु तीन करोडभन्दा कम लागतका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्न नहुनेमा जोड दिनुभएको छ ।

आगामी आर्थिक वर्षको बजेट निर्माण सम्बन्धमा खानेपानी मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका पदाधिकारीसँग आइतबार बेग्लाबेग्लै भएका छलफलका उहाँले असंख्य योजना तथा कार्यक्रम बजेटमा राख्ने प्रवृत्तिबाट बाहिर आउन आग्रह गर्दै पूर्वतयारी सकिएका ठूला रुपान्तरणकारी एवं राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रम मात्र प्रस्ताव गर्न जोड दिनुभयो ।

अर्थमन्त्री पौडेलले प्रदेश र स्थानीय तहले गर्न सक्ने कार्यक्रममा उनीहरुको भूमिका बढाउनुपर्ने र एक पटकका लागि बीउपुँजी दिएर भए पनि प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका आयोजना तथा कार्यक्रम हस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

बैठकमा खानेपानीमन्त्री प्रदीप यादव, सङ्घीय मामिलामन्त्री राजकुमार गुप्ता, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष शिवराज अधिकारी, अर्थ सचिव, राजस्व सचिव, खानेपानी सचिव, सङ्घीय मामिला सचिवगायत सहभागी हुनुहुन्थ्यो ।रासस


## लुम्बिनी विकास बैंक लिमिटेडको
## तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/११/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. | **नाम : शुशिला कुमारी चौधरी**<br>पतिको नाम : विरेन्द्र कुमार सिंह<br>ससुराको नाम : राम भुवन सिंह<br>ठेगाना : हरिहरपुर - ४, सप्तरी<br>हाल : अग्निसाइर कृष्णसवरन - २, सप्तरी<br>ना.प्र.प.नं. : १६९४६३३७४९<br>जि.प्र.का. सप्तरी<br>जारी मिति : २०४६/०१/२४<br>**शाखा कार्यालय : रुपनी** | **नाम : विरेन्द्र कुमार सिंह**<br>बाबुको नाम : राम भुवन सिंह<br>बाजेको नाम : जुलुम सिंह<br>ठेगाना : जण्डौल - ४, सप्तरी<br>हाल : अग्निसाइर कृष्णसवरन - २, सप्तरी<br>ना.प्र.प.नं. : ०५९०४२८३<br>जि.प्र.का.: सप्तरी<br>जारी मिति : २०४५/०१/२९ |

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| २. | **नाम : पेमपती देवी**<br>पतिको नाम : हिरा हजरा दुसाध, ससुराको नाम : सरयुग हजरा दुसाध<br>ठेगाना : जयनगर चिउ - ८, रौतहट, हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : १८०१/२४८६, जि.प्र.का. रौतहट, जारी मिति : २०४६/०३/२३<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : अवधेश हजरा**<br>पतिको नाम : सुरेन्द्र हजरा दुसाध<br>ससुराको नाम : शिव हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२९४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६९/०४/३२ | **२. नाम : अवधेश हजरा**<br>बाबुको नाम : हिरा हजरा दुसाध<br>बाजेको नाम : सरयुग हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२२०८४/२०५३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०९/२८ |
| | **३. नाम : मैना देवी**<br>पतिको नाम : रम्भु हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३३३०१९/२४४१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१०/२४ | **४. नाम : सुनिता कुमारी हजरा**<br>पतिको नाम : अवधेश हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७६-०५४१४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/११/१८ |
| | **५. नाम : कमलेश हजरा**<br>बुवाको नाम : हिरा हजरा दुसाध<br>बाजेको नाम : सरयुग हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : १०१९/५४४८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६७/०४/१७ | **६. नाम : उषा कुमारी पासवान**<br>पतिको नाम : कमलेश हजरा<br>ससुराको नाम : हिरा हजरा दुसाध<br>ठेगाना : सखुअवा धमौरा - ८, रौतहट<br>हाल : वृन्दावन - ६, रौतहट<br>ना.प्र.प.नं. : ३२-०२-७६-०२३०८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७६/११/२४ |
| | **धितोको विवरण** | |
| | पेमपती देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता रहेको सखुअवा धमौरा - ८, रौतहट स्थित कित्ता नं. १८०० र १२८१ को क्षेत्रफल क्रमशः ०-०-१५ र ०-०-५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

| क्र.सं. | ऋणीको विवरण | |
|---|---|---|
| ३. | **नाम : मनोज दास**<br>बाबुको नाम : राम सेवक दास कथवनिया, बाजेको नाम: राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट, हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ४५७, जि.प्र.का. रौतहट, जारी मिति : २०६०/०४/३२<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : किरन देवी**<br>पतिको नाम : मनोज दास<br>ससुराको नाम : राम सेवक दास कथवनिया<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ०३२३०८९/१२६९<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/१२/१४ | **२. नाम : श्रीपतीदेवी वनियाइनी**<br>पतिको नाम : राम सेवक दास कथवनिया<br>ससुराको नाम : राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३४३३<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/०३ |
| | **३. नाम : लाल बाबु कु. दास**<br>बाबुको नाम : राम सेवक दास कथवनिया<br>बाजेको नाम : राम वृक्ष दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३०८९/४४१<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०७०/०१/२२ | **४. नाम : राम सेवक दास कथवनिया**<br>बाबुको नाम : राम वृक्ष दास<br>बाजेको नाम : मिठु दास<br>ठेगाना : भलोहिया - ९, रौतहट<br>हाल : गढीमाई - १, रौतहट<br>ना.प्र.प.नं. : ३४३८<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०४५/०१/३० |
| | **धितोको विवरण** | |
| | मनोज दासको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता रहेको समनपुर - २ रौतहट स्थित कित्ता नं. १७७ को क्षेत्रफल ०-०-१२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| ४. | **नाम : सुजित ज्वेलर्स**<br>दर्ता गर्ने निकाय : घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहट<br>दर्ता नं. : १०८७४/१५५७, दर्ता मिति : २०७७/११/१८<br>रजिष्टर्ड कार्यालय : गौर, रौतहट<br>**संचालक/शेयरधनी/प्रोप्राइटर : हरेन्द्र साह सोनार**<br>**शाखा कार्यालय : गरुडा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : हरेन्द्र साह सोनार**<br>बाबुको नाम : सोनालाल साह सोनार<br>बाजेको नाम : जनक साह सोनार<br>ठेगाना : कटहरीया - ६, रौतहट<br>हाल : कटहरीया - ५, रौतहट<br>ना.प्र.प.नं. : २८००<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०५६/१२/२९ | **२. नाम : गिता देवी सोनार**<br>पतिको नाम : हरेन्द्र साह सोनार<br>ससुराको नाम : सोनालाल साह सोनार<br>ठेगाना : कटहरीया - ६, रौतहट<br>हाल : कटहरीया - ५, रौतहट<br>ना.प्र.प.नं. : ५५/०६३/६४<br>जि.प्र.का. रौतहट<br>जारी मिति : २०६३/११/१२ |
| | **धितोको विवरण** | |
| | हरेन्द्र साह सोनारको नाममा मालपोत कार्यालय मौलापुरमा दर्ता रहेको कटहरीया - ५, रौतहट स्थित कित्ता नं. २८४५ को क्षेत्रफल ०-१-५ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालयः**
**सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

# सिरियामा दुई दिनको झडप र प्रतिशोधपूर्ण हत्यामा एक हजारभन्दा बढीको मृत्यु



एपी

बेरुत । सिरियाली सुरक्षा बल र पदच्यूत राष्ट्रपति बशर अल-असदका समर्थकहरूबीच दुई दिनको झडप र त्यसपछिको प्रतिशोधात्मक हत्याहरूले मृत्यु संख्या एक हजारभन्दा बढी पुगेको एक युद्ध अनुगमन समूहले शनिबार बताएको छ ।यो सिरियाको १४ वर्षअघि सुरु भएको द्वन्द्वपछिको सबैभन्दा घातक हिंसाको घटना हो ।

बेलायतस्थित सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार सात सय ४५ सर्वसाधारण मारिएका छन् । तीमध्ये एक सय २५ जना सरकारी सुरक्षा बलका सदस्य र एक सय ४८ जना असदसँग सम्बन्धित सशस्त्र समूहका लडाकुहरू मारिएका छन् । लाटाकिया सहर वरपरका ठूलो क्षेत्रमा बिजुली र खानेपानी काटिएको अब्जर्भेटरीले बताएको छ ।असदलाई सत्ताबाट हटाएपछि विद्रोहीहरूले सत्ता लिएको तीन महिनापछि बिहीबार भड्किएको झडपले दमास्कसमा नयाँ सरकारलाई ठूलो चुनौती दिएको छ ।सरकारले असदका बलहरूको अवशेषबाट भएको आक्रमणको जवाफ दिइरहेको र व्यापक हिंसाका लागि 'व्यक्तिगत कार्यहरू' लाई दोष दिएको बताएको छ ।

**सुन्नी र अलावीबीच प्रतिशोधात्मक हत्याहरू**

असदको अल्पसंख्यक अलावी सम्प्रदायका सदस्यहरू विरुद्ध सरकारप्रति वफादार सुन्नी मुस्लिम बन्दुकधारीहरूले शुक्रबार सुरु गरेको प्रतिशोधात्मक हत्या पूर्व सरकारको पतनको नेतृत्व गर्ने गुट हयात ताहरिर अल-शामका लागि ठूलो धक्का हो । अलावीहरूले दशकौँसम्म असदको समर्थन आधारको ठूलो हिस्सा बनाएका थिए ।

अलावी गाउँ र सहरका बासिन्दाहरूले एसोसिएटेड प्रेससँग हत्याहरूको बारेमा कुरा गर्दै बन्दुकधारीहरूले अलावीहरूलाई, अधिकांश पुरुषलाई, सडकमा वा उनीहरूको घरको गेटमा गोली हानेको बताए । सिरियाको तटीय क्षेत्रका दुई बासिन्दाले एपीलाई आफ्नो लुक्ने ठाउँबाट विभिन्न क्षेत्रहरूमा अलावीहरूका धेरै घरहरू लुटिएका र त्यसपछि आगो लगाइएको बताए ।

उनीहरूले बन्दुकधारीहरूद्वारा मारिने डरले आफ्नो नाम सार्वजनिक नगर्न अनुरोध गरे । हजारौँ मानिस सुरक्षाका लागि नजिकैको पहाडतर्फ भागेको उनीहरूले थप जानकारी दिए ।

**बासिन्दाहरूको एउटा सहरमा अत्याचारको कुरा**

हिंसाबाट सबैभन्दा बढी प्रभावित बानियास सहरका बासिन्दाहरूले सडकहरूमा लाशहरू छरिएका वा घरहरू र भवनहरूको छतमा गाडिन नपाएका अवस्थामा छोडिएको र कसैले पनि उनीहरूलाई सङ्कलन गर्न नसकेको बताए । एक बासिन्दाका अनुसार बन्दुकधारीहरूले बासिन्दाहरूलाई शुक्रबार नजिकबाट मारिएका आफ्ना पाँच छिमेकीको शव हटाउन घन्टौँसम्म रोकेका थिए ।

परिवार र छिमेकीहरूसँग शुक्रबार हिंसा फैलिएको केही घण्टापछि भागेका बानियासका ५७ वर्षीय बासिन्दा अली शेहाले अलावीहरू बस्ने बानियासको एक क्षेत्रमा उहाँका कम्तीमा २० छिमेकी र सहकर्मी मारिएको र तीमध्ये केही आफ्नै पसलमा वा घरमा मारिएको बताउनुभयो ।

शेहाले यी आक्रमणलाई असद सरकारले गरेका अपराधहरूका लागि अलावी अल्पसंख्यकको 'प्रतिशोधात्मक हत्या' भन्नुभयो । अन्य बासिन्दाले बन्दुकधारीहरूमा विदेशी लडाकूहरू र छिमेकी गाउँ र सहरका उग्रवादीहरू रहेको बताए ।

"यो निकै नराम्रो थियो । शवहरू सडकमा थिए", सहरबाट करिब २० किलोमिटर टाढाबाट फोनमा कुरा गर्दै शेहाले भन्नुभयो । उहाँका अनुसार बन्दुकधारीहरू उहाँको अपार्टमेन्ट भवनबाट एक सय मिटरभन्दा कममा भेला भएका थिए ।कम्तीमा एक घटनामा उहाँलाई थाहा भएअनुसार बासिन्दाहरूलाई उनीहरूको धर्म र सम्प्रदाय जाँच गर्न परिचयपत्र माग्दै थिए अनि त्यसपछि उनीहरूलाई मार्दै थिए । उहाँले बन्दुकधारीहरूले केही घरमा आगो लगाएको र कारहरू चोरेर घरहरू लुटेको बताउनुभयो ।

> एक बासिन्दाका अनुसार बन्दुकधारीहरूले बासिन्दाहरूलाई शुक्रबार नजिकबाट मारिएका आफ्ना पाँच छिमेकीको शव हटाउन घन्टौँसम्म रोकेका थिए ।

**मृत्यु संख्या बढ्दो**

अब्जर्भेटरीका प्रमुख रामी अब्दुरहमानले प्रतिशोधात्मक हत्याहरू शनिबार बिहानै रोकिएको बताउनुभयो ।"यो सिरियाली द्वन्द्वको दौरानमा भएको सबैभन्दा ठूलो नरसंहारमध्ये एक थियो", अब्दुरहमानले अलावी नागरिकहरूको हत्याबारे भन्नुभयो ।

समूहले पहिले दिएको आँकडाअनुसार छ सयभन्दा बढीको मृत्यु भएको थियो । कुनै आधिकारिक आँकडा जारी गरिएको छैन ।सिरियाको तटीय क्षेत्रमा भएको झडपमा मारिएका चार सिरियाली सुरक्षा बल सदस्यका लागि शनिबार दिउँसो उत्तरपश्चिमी गाउँ अल-जानौदिया मा अन्त्येष्टि गरियो । धेरै मानिसले अन्त्येष्टिमा भाग लिएका थिए ।सिरियाली सेनाले नियन्त्रण पुनः प्राप्त गरेको आधिकारिक रिपोर्टले जनाएको छ ।

सिरियाको सरकारी समाचार एजेन्सीले रक्षा मन्त्रालयका एक अज्ञात अधिकारीलाई उद्धृत गर्दै सरकारी सेनाले असदका वफादार हरूबाट धेरै क्षेत्रहरू पुनः नियन्त्रण गरेको बताएको छ । अधिकारीहरूले 'उल्लङ्घनहरू रोक्न र बिस्तारै स्थिरता पुनःस्थापना गर्न' तटीय क्षेत्रतर्फ जाने सबै सडकहरू बन्द गरेका छन् ।

शनिबार बिहान केन्द्रीय गाउँ तुवायममा अघिल्लो दिन प्रतिशोधात्मक आक्रमणमा मारिएका ३१ जनाको शव एक सामूहिक चिहानमा गाडिएको बासिन्दाहरूले बताएका छन् । मारिएकाहरूमा नौ बालबालिका र चार महिला सम्मिलित थिए ।संसद्मा अलावी सम्प्रदायलाई छुट्ट्याइएको दुई सिटमध्ये एउटा ओगटेका लेबनानी विधायक हैदर नासेरले मानिसहरू सुरक्षाका लागि सिरियाबाट लेबनानतर्फ भागिरहेको बताउनुभयो । आफूसँग यथार्थ संख्या नभएको उहाँले बताउनुभयो ।

नासेरका अनुसार धेरै मानिस सिरियाको हमेइमिममा रहेको रूसी वायु अड्डामा आश्रय लिइरहेका छन् । उहाँले अन्तर्राष्ट्रिय समुदायले आफ्नो देशप्रति वफादार सिरियाली नागरिक अलावीहरूको सुरक्षा गर्नुपर्ने बताउनुभयो । उहाँले असदको पतनपछि धेरै अलावीलाई उनीहरूको कामबाट निकालिएको र नयाँ अधिकारीहरूसँग मेलमिलाप गरेका केही पूर्व सैनिकहरू मारिएको बताउनुभयो ।

असदको शासनकालमा अलावीहरूले सेना र सुरक्षा एजेन्सीहरूमा उच्च पद ओगटेका थिए । नयाँ सरकारले पछिल्ला केही हप्तामा देशको नयाँ सुरक्षा बल विरुद्धको आक्रमणका लागि उनका समर्थकहरूलाई दोष दिएको छ ।फ्रान्सले सिरियामा हालै भएको हिंसामाथि 'गहिरो चिन्ता' व्यक्त गरेको छ । पेरिसको विदेश मन्त्रालयले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "धर्मका आधारमा नागरिकहरू र कैदीहरूमाथि हुने अत्याचारको कडा शब्दमा निन्दा गर्दछ ।"

फ्रान्सले सिरियाली अन्तरिम अधिकारीहरूलाई 'यी अपराधहरूमा पूर्ण प्रकाश पार्ने' स्वतन्त्र अनुसन्धान सुनिश्चित गर्न आग्रह गरेको छ ।अब्जर्भेटरीका अनुसार सरकारी सेनाले तटीय सहर जाब्लेह नजिकै एक वाञ्छित व्यक्तिलाई हिरासतमा लिने प्रयास गर्दा र असदका वफादारहरूले आक्रमण गर्दा हालैका झडपहरू सुरु भयो ।

## पोपको स्वास्थ्य स्थितिमा 'सामान्य सुधार'

एएफपी

भ्याटिकन सिटी । निमोनियाको उपचारका लागि करिब तीन हप्तादेखि अस्पतालमा रहनुभएका पोप फ्रान्सिसको स्वास्थ्यमा सामान्य सुधार आएको उहाँको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन् ।

भ्याटिकन स्रोतले पनि उहाँको स्वास्थ्यमा सुधार आएको सङ्केत गर्दै आइतबार राति अस्पतालमा शान्तरूपमा निदाउनुभएको जनाएको छ ।

फेब्रुअरी १४ देखि रोमको जेमेली अस्पतालको विशेष पोप सुइटमा रहेका क्रिश्चियन धर्मगुरूको स्वास्थ्य अवस्थाबारे भ्याटिकनले भनेको छ, "उहाँ राति शान्तसाथ निदाउनुभयो।"

क्याथोलिक चर्चका प्रमुख फ्रान्सिसलाई ब्रान्काइटिसका (लहरे खोकी) का कारण अस्पतालमा भर्ना भएदेखि नै धेरै पटक श्वासप्रश्वाससम्बन्धी जटिल समस्या देखिएको थियो ।

भ्याटिकनले गत हप्ता पनि उहाँको स्वास्थ्य अवस्था 'स्थिर' रहेको बताएको थियो । केही दिनदेखि उहाँलाई कुनै जटिल समस्या देखिएको छैन।फ्रान्सिसको शरीरले उपचारमा राम्रो प्रतिक्रिया दिइरहेको र 'क्रमिक र सामान्य सुधार' भएको शनिबार बताइएको छ ।फ्रान्सिसलाई ज्वरो नआएको र उहाँका चिकित्सकले रोगको निदान गर्नुअघि 'आगामी दिनमा' यस्तै सकारात्मक नतिजा हेर्न चाहेको शनिबार साँझको मेडिकल बुलेटिनमा उल्लेख छ।

फ्रान्सिसलाई सन् २०२१ मा आन्द्रा (बृहदान्त्र) को शल्यक्रिया र सन् २०२३ मा हर्नियाको शल्यक्रिया गरी उपचार गरिएको थियो । यो पटकको अस्पताल बसाइ फ्रान्सिसका लागि सबैभन्दा लामो र गम्भीर उपचारका लागि अस्पताल भर्ना भएको घटना हो ।विश्वका एक अर्ब ४० करोड क्याथोलिक धर्मावलम्बीका नेता जेमेलीमा यसअघिको बसाइमा आफ्नो साप्ताहिक प्रार्थनाका क्रममा आइतबार बाल्कोनीमा देखिनुभएको थियो ।

"उहाँले पछिल्ला तीन साप्ताहिक प्रार्थनामा भाग लिनुभएको छैन र यो आइतबार आफ्नो चौथो प्रार्थना सभामा सहभागिता नहुने सम्भावना देखिएको छ," भ्याटिकनको प्रेस कार्यालयले शनिबार भनेको छ ।

एन्जेलसलाई अघिल्ला हप्ताहरूमा जस्तै 'तरिकाले' प्रार्थना गराइनेछ ।

# नेपालद्वारा युगाण्डा एक विकेटले पराजित



काठमाण्डु । युगाण्डामा जारी चार देशीय महिला टी-ट्वान्टी क्रिकेट प्रतियोगिताअन्तर्गत नेपालले पहिलो खेल जितेको छ । नेपालले आफ्नो दोस्रो खेलमा युगाण्डालाई एक विकेटले पराजित गरेको छ । यसअघि भएको पहिलो खेलमा नेपाल नामिबियासँग ६ विकेटले पराजित भएको थियो ।

युगाण्डाको एन्टेब्बे क्रिकेट ओभल मैदानमा टस जितेर नेपालले पहिला फिल्डिङ रोजेको थियो ।

घरेलु टोली युगाण्डाले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर ७५ रन बनायो । छयहत्तर रनको विजयी लक्ष्य नेपालले १९ दशमलव ५ ओभरमा ९ विकेट गुमाएर पूरा गऱ्यो । नेपालका लागि साना प्रवीनले सर्वाधिक १७ रन जोडिन् । उनले ३५ बलमा एक चौका प्रहार गरिन् ।

त्यस्तै पूजा महतोले १६ रन जोड्दा रुबिना क्षेत्रीले १० रन बनाइन् । सम्झना खड्काले ८, कप्तान इन्दु बर्माले ६ तथा ईश्वरी विष्टले अविजित ३ रन जोडिन् । बलिङतर्फ युगाण्डाका लागि इमाकुलेट नाकिसुईले सर्वाधिक २२ रन जोडिन् । उनले ४० बलमा तीन चौका प्रहार गर्दै २२ रन बनाइन् ।

त्यसैगरी, स्टेफेनिया नाम्पिलिनाले २५ बलमा एक चौकाको सहयोगमा १४ रन जोडिन् भने मलिषा अरिकोटाले २४ बलमा ११ रन जोडिन् । नेपालका लागि पूजा महतोले ३ विकेट लिइन् भने कप्तान इन्दु बर्माले २ विकेट लिइन् । जारी सिरिजमा युगाण्डाको यो पहिलो हार हो । युगाण्डाले पहिलो खेलमा हङकङलाई पराजित गरेको थियो ।

जारी सिरिजमा घरेलु टोली युगाण्डासँगै नेपाल, नामिबिया र हङकङको सहभागिता रहेको छ । सिरिजमा सबै टोलीले एकअर्कासँग दुई खेल खेल्नेछन् । लिग चरणको खेलपछि शीर्ष दुई टोलीबीच फाइनल खेल हुनेछ । नेपालले सोमबार हङकङसँग खेल्नेछ ।रासस

## प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिता :

# मधेस प्रदेशको टिम घोषणा




वीरगञ्ज । प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिताको मधेस प्रदेशबाट सहभागी हुने खेलाडी नाम सार्वजनिक गरिएको छ । मधेस प्रदेश खेलाडी छनोट समितिले शनिबार अनिलकुमार साहको कप्तानीमा १५ सदस्यीय टोली छनोट गरेको हो ।

मधेस प्रदेशको टिममा बाराका पवन सर्राफ, कमल गुप्ता, निखिल सिंह, रञ्जित कुमार, राजेश यादव, विशाल पटेल, रोशन विक, प्रदीप पासवान, रुपेश सिंह, दिपेश दास, हरिशङ्कर साह, शैलेन्द्र साह र सन्नी साह रहेका छन् । मधेस प्रदेशको टिमको प्रशिक्षकमा सुनिल साह रहेका छन् । सहप्रशिक्षकमा शुभ टण्डुकार र म्यानेजरमा दीपेन्द्र यादव रहेका छन् । छनोट समितिका संयोजक विकास दलीको नेतृत्वमा १५ सदस्यीय टोलीको छनोट गरेको हो ।

मधेसका आठ जिल्लाका टिमबाट प्रतिस्पर्धा गरेका उत्कृष्ट खेलाडीलाई छनोट गरेर मधेस प्रदेशको टिम बनाइएको हो । मधेस प्रदेशको टिम आइतबार बिहानै रुपन्देही प्रस्थान गरिसकेको छ । सो प्रतियोगिता लुम्बिनी प्रदेश क्रिकेट सङ्घको व्यवस्थापनमा हुने प्रतियोगितामा १० टिम सहभागी हुँदैछन् ।

**सुदूरपश्चिमको टोली घोषणा**

प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि सुदूरपश्चिम प्रदेशले टोली घोषणा गरेको छ । सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घले नारायण जोशीको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । टोलीमा हेमन्त धामी, शेर मल्ल, विकास आग्री, टेक रावत, प्रकाश पाण्डेय, किरण ठगुन्ना, मिलन बोहरा, निश्चल क्षेत्री, सुनिल चन्द, सौर्य श्रेष्ठ, भोजराज भट्ट, खडक बोहरा, राहुल भण्डारी र अर्जुन विक छन् ।

त्यस्तै, वैकल्पिक खेलाडीमा वसन्त खत्री, हिक्मत महरा, सचिन भट्ट र गजेन्द्र भण्डारी छन् । प्रशिक्षकमा दीपेन्द्रबहादुर चन्द, व्यवस्थापकमा सन्तोष भट्ट र ट्रेनरमा साजन गौतम छन् । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिता आजदेखि लुम्बिनी प्रदेशमा हुँदैछ ।

# इरानका सर्वोच्च नेताद्वारा अमेरिकासँग वार्ता गर्न अस्वीकार



एपी

तेहरान । इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले वार्ताहरू इरानी क्षेप्यास्त्रको सीमा र यस क्षेत्रमा इरानको प्रभावमा प्रतिबन्ध लगाउने उद्देश्यमा केन्द्रित हुने भन्दै दुई देशबीच वार्ताका लागि अमेरिकी प्रयासलाई अस्वीकार गर्नुभएको छ ।

शनिबार अधिकारीहरूको एक समूहलाई सम्बोधन गर्दै उहाँले अमेरिकाको नाम उल्लेख गर्नुभएन तर 'धम्की दिने सरकार' वार्ताका लागि आफ्नो प्रयासमा दृढ रहिरहेको बताउनुभयो ।"उनीहरूको वार्ताको उद्देश्य समस्याहरू समाधान गर्नु होइन, यो ... हामी जे चाहन्छौँ त्यो टेबलको विपरीत पक्षमा बसेको अर्को पक्षमाथि थोप्न कुरा गरौँ भन्ने हो", उहाँले भन्नुभयो ।

खामेनीको यो टिप्पणी राष्ट्रपति डोनाल्ड ट्रम्पले खामेनीलाई तेहरानको तीव्र गतिमा अघि बढिरहेको आणविक कार्यक्रमलाई नियन्त्रण गर्न र आफ्नो पहिलो कार्यकालमा अमेरिकाले फिर्ता लिएको आणविक सम्झौता प्रतिस्थापन गर्न नयाँ सम्झौताको खोजीमा पत्र पठाएको स्वीकार गरेको एक दिनपछि आएको हो ।अमेरिकी मागहरू सैन्य र इरानको क्षेत्रीय प्रभावसँग सम्बन्धित हुने खामेनीले बताउनुभयो ।

"ती रक्षा क्षमताहरू, देशको अन्तर्राष्ट्रिय क्षमताहरूको बारेमा हुनेछन् । (उनीहरूले इरानलाई) केही (निश्चित) कामहरू नगर्न, केही निश्चित मानिसहरूलाई नभेट्न, कुनै निश्चित स्थानमा नजान, केही वस्तुहरू उत्पादन नगर्न, तपाईंको क्षेप्यास्त्र सीमा निश्चित दूरीभन्दा बढी हुनुहुँदैन भनेर आग्रह गर्नेछन् । के कसैले यी कुराहरू स्वीकार गर्न सम्भव छ ?", उहाँले भन्नुभयो ।

सबै राज्य मामिलाहरूमा अन्तिम कुरा गर्ने खामेनीले त्यस्ता वार्ताहरूले इरान र पश्चिमबीचका समस्याहरू समाधान नगर्ने बताउनुभयो । उहाँले कुनै व्यक्ति वा देशको नाम लिनुभएन तर वार्ताको दबाबले जनमतमा इरानमाथि दबाब सिर्जना गरेको बताउनुभयो । "यो वार्ता होइन । यो आदेश र थोपर्ने काम हो", उहाँले भन्नुभयो ।

शुक्रबार ओभल अफिसमा पत्रकारहरूलाई दिएको टिप्पणीमा ट्रम्पले पत्रको बारेमा प्रत्यक्ष रूपमा उल्लेख गर्नुभएन तर उहाँले सम्भावित सैन्य कारबाहीतर्फ सङ्केत गर्दै भन्नुभयो, "हामीसँग इरानसँग यस्तो अवस्था छ, केही चाँडै हुन गइरहेको छ । धेरै चाँडै ।"

उहाँको प्रस्ताव इजरायल र अमेरिका दुवैले इरानलाई आणविक हतियार हासिल गर्न कहिल्यै नदिने चेतावनी दिएको बेला आएको छ । तेहरानले लगभग हतियारको ग्रेडको स्तरमा युरेनियम समृद्ध गरिरहेको बेला सैन्य सङ्घर्षको डर बढाएको छ - यो आणविक हतियारले सुसज्जित राष्ट्रहरूले मात्र गर्छन् ।

तेहरानले लामो समयदेखि आफ्नो कार्यक्रम शान्तिपूर्ण उद्देश्यका लागि हो भन्दै आएको छ । यद्यपि इरानका अधिकारीहरूले अमेरिकासँग प्रतिबन्धहरू र इजरायलसँग गाजा पट्टीमा हमासविरुद्धको युद्धमा अस्थिर युद्धविराम कायम रहेको बेला तनाव उच्च रहेको अवस्थामा बम बनाउने धम्की दिइरहेका छन् ।

इरानको हतियार-ग्रेड युरेनियमको द्रुत उत्पादनले ट्रम्पमाथि थप दबाब दिन्छ ।

उहाँले बारम्बार आफू इरानसँग वार्ताका लागि खुला रहेको बताउँदै आउनुभएको छ । यद्यपि उहाँले आफ्नो पुनः लागू गरिएको 'अधिकतम दबाब' नीतिको एक हिस्साका रूपमा इरानको तेल बिक्रीलाई बढ्दो रूपमा लक्षित गर्दै प्रतिबन्धहरू लगाइरहनुभएको छ ।

अगस्टको अन्त्यमा 'शत्रु' सँग संलग्न हुन 'कुनै हानि छैन' भन्दै खामेनीले एक भाषणमा अमेरिकासँग सम्भावित वार्ताको ढोका खोल्नुभएको थियो । यद्यपि ट्रम्पले तेहरानसँग आणविक वार्ता गर्ने कुरा उठाएपछि खामेनीले अमेरिकासँगको वार्ता 'बुद्धिमानी, विवेकपूर्ण वा सम्मानजनक छैन' भन्दै त्यसलाई कम गर्नुभएको छ ।

# हमासद्वारा गाजा युद्धविराम वार्ताको दोस्रो चरणअघि बढाउन माग



एएफपी

गाजा । इजरायलले थप वार्ताका लागि दोहामा एक प्रतिनिधिमण्डल पठाउने घोषणा गरेसँगै हमासले गाजा युद्धविरामको दोस्रो चरण तत्काल अघि बढाउन इजरायलसँग माग गरेको छ ।

समूहले वार्तामा सीधै अघि बढ्ने आफ्नो अडानलाई आइतबार दोहोऱ्याएको हो ।

प्यालेस्टिनी लडाकू समूहका प्रतिनिधिहरूले सप्ताहन्तमा कायरोमा मध्यस्थकर्ताहरूसँग भेट गरी 'बिना प्रतिबन्ध वा शर्त' घेराबन्दी गरिएको क्षेत्रमा पुनः प्रवेश गर्न मानवीय सहायताको आवश्यकतामा जोड दिएको हमासले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।उच्चस्तरीय प्रतिनिधिमण्डलले सम्झौताको 'दोस्रो चरणका लागि वार्ता सुरु गर्न प्रत्यक्ष रूपमा अघि बढ्नुपर्ने' आवश्यकतामा पनि जोड दिएको छ । दोस्रो चरणको वार्ताको उद्देश्य स्थायी युद्धविरामको लागि आधार तयार गर्नु हो।

हमासले दोस्रो चरणका लागि गाजाबाट पूर्ण इजरायली सेना फिर्ता हुनुपर्ने, नाकाबन्दी अन्त्य गर्नुपर्ने, सो क्षेत्रको पुनःनिर्माण गर्नुपर्ने र आर्थिक सहयोग गर्नुपर्ने लगायतका माग राखेको हमासका एक अधिकारीले एएफपीलाई बताएका छन् ।

हमासका प्रवक्ता अब्देल लतिफ अल-कानौआले सूचकहरू सकारात्मक रहेको बताएका छन् ।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले सोमबार दोहामा प्रतिनिधि पठाउने जनाएको छ ।

इजरायलले युद्धविरामको पहिलो चरण अप्रिलको मध्यसम्म लम्ब्याउन चाहेको बताउँदै आएको छ ।

इजरायलमा रहेका करिब एक हजार ८०० प्यालेस्टिनी कैदीहरूको रिहाईका लागि २५ जना जीवित बन्धक र आठ वटा शवहरूको आदानप्रदान सहित छ हप्ताको सापेक्षिक शान्तिपछि मार्च १ मा त्यो प्रारम्भिक अवधि समाप्त भएको थियो । यो युद्धविरामले गाजामा १५ महिनाभन्दा बढी समयदेखि जारी लडाइँलाई धेरै हदसम्म रोकेको थियो ।

दक्षिणी इजरायलमा सन् २०२३ अक्टोबर ७ मा हमासको आक्रमणको जवाफमा गाजामा इजरायलको निरन्तर सैन्य अभियानका कारण गाजाको लगभग सम्पूर्ण जनसंख्या विस्थापित भएको तर युद्धविरामले शान्तिको लागि वातावरण बनेको छ ।

# सुर्खेतमा तारा एयरको उडान बन्द

काँक्रेविहार । तारा एयरले सुर्खेतबाट मुगु, हुम्ला र जुम्लामा गर्दै आएको नियमित उडान बन्द गरेको छ । हरेक उडानमा नोक्सान भएपछि उडान बन्द गर्नुपरेको तारा एयरले जनाएको छ ।

कर्णाली प्रदेशका उद्योग पर्यटन वन तथा वातावरणमन्त्री सुरेश अधिकारीले सन् २०२४ डिसेम्बर ४ मा उद्धाटन गर्नुभएको हवाई सेवा अहिले बन्द भएको हो ।हिमाली टुर एण्ड ट्राभल्सले तारा एयरमार्फत तीन जिल्लाको उडान भर्दै आएको थियो । ट्राभल्सले कर्णाली प्रदेश सरकारबाट सहयोग नपाएको, हरेक उडानमा नोक्सान भएको भन्दै उडान बन्द गर्नुपरेको जनाएको छ ।

ट्राभल्सका मिनबहादुर रावलले अहिले तीन जिल्लामा सातामा दुई पटक नियमित उपस्थिति थियो ।

सुर्खेत र धनगढी विमानस्थललाई आगामी दिनमा नियमित उडान गर्ने तथा वैकल्पिक विमानस्थलका रूपमा प्रयोग गर्ने उद्देश्यले परीक्षण उडान गरिएको प्रवक्ता बर्तौलाले बताउनुभयो । परीक्षण उडानको प्रतिवेदनका आधारमा नियमित उडान भर्ने तयारी गरिने उहाँले उल्लेख गर्नुभयो ।

यात्रुको मागलाई मध्यनजर गरी उडानको दायरा बढाउँदै बजार विस्तार गर्ने उद्देश्य लिइएको यती एयरलाइन्सका प्रमुख व्यापार अधिकृत युवराजकुमार विष्टले जानकारी दिनुभयो । उहाँले यसबाट नियमित उडानसँगै एयरलाइन्सप्रति यात्रुको विश्वास बढ्ने धारणा राख्नुभयो ।

यही फागुन २० गते एयरलाइन्सले राजविराज विमानस्थलमा



उडान भर्ने सहमतिअनुसार काम सुरु गरिए पनि आवश्यक सहयोग प्राप्त नभएपछि हवाई सेवा बन्द भएको बताउनुभयो । यसैबीच, निजी वायुसेवा कम्पनी यतीले शनिबार सुर्खेत-काठमाडौँ परीक्षण उडान सम्पन्न गरेको छ । शनिबार धनगढीमा पनि परीक्षण उडान सम्पन्न गरिएको यती एयरलाइन्सले जनाएको छ । यतीको ९ एन-एएमएन एटीआर ७२ विमानले सफलतापूर्वक परीक्षण उडान गरेको एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले जानकारी दिनुभयो ।

उहाँका अनुसार परीक्षण उडान एयरलाइन्सका प्रशिक्षक पाइलटद्वय समर्थरत्न तुलाधर र राजु राजवंशीले गर्नुभएको हो । उडान अवलोकनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरण तथा यती एयरलाइन्सका प्राविधिक, कर्मचारीलगायत प्रतिनिधिको पनि सफलतापूर्वक परीक्षण उडान सम्पन्न गरिसकेको जनाएको छ । सुर्खेतमा बुद्ध र श्री एयरलाइन्सले उडान भर्दै आएकामा अब यति थपिएपछि टिकट सस्तो हुने अपेक्षा लिइएको छ ।

**कर्णालीका हिमाली जिल्लामा जान नेपालगञ्जको भर**

सुर्खेतमा हवाई सेवा बन्द भएपछि कर्णालीका हिमाली जिल्लामा आवतजावत गर्न पुनःबाँकेको नेपालगञ्ज विमानस्थलको प्रयोग गर्नुपर्ने अवस्था आएको छ । बाँकेबाट तारा, समिट र गोमा एयरले हुम्ला, जुम्ला, मुगु र डोल्पामा उडान भर्दै आएका छन् ।

सरकारी स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले सुर्खेतको विमानस्थलबाट उडान भरेको छैन भने कर्णालीमा एयरलाइन्सको कार्यालयसमेत छैन । रासस

## मालपोत कार्यालय, मौलापुर, रौतहट
## ३५ दिने सार्वजनिक सूचना

जि. रौतहट साबिक गा.वि.स. विश्रामपुर वार्ड नं. ३ मा बस्ने धनमन्ती देवी र जिल्ला सर्लाही गा.वि.स सुदामा वार्ड नं. १ मा बस्ने बुधीया देवीले जिल्ला रौतहट साबिक गा.वि.स. कर्कच कर्मैया वार्ड नं. ६ हाल देवाहीगोनाही न.पा. ५ मा बस्ने आफ्नो बाबु नाताको महन्थ ठाकुर लोहारको नाम दर्ताको तपसिलमा उल्लेखित जग्गा आफ्नो नाममा संयुक्त नामसारी गर्न द.नं. ३०९७ मिति २०८१/०९/२५ गतेको माग निवेदन पर्न आएको हुँदा तपसिलमा उल्लेखित जग्गामा अरु कसैको हकदावी छ वा छैन भनी निजहरुको नाममा नामासारी भै गएमा कसैको हक जान्छ कि ? सर्वसाधारणको जानकारीको लागि यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित नभएको मितिले बाटाको म्याद बाहेक ३५ दिन भित्र आफ्नो हकदावीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम नामसारी भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपसिल**

| गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| प्रेमपुरगोनाही | ४ | ८८८ | ०-१-५ | महन्थ ठाकुर लोहार |

माथि उल्लेखित जग्गाको मोठ भिडान हुँदा श्रेस्तामा ज.ध.को नाम महन्थ ठाकुर लोहार, बाबु कालचन ठाकुर लोहार, बाजे शिवनन्दन ठाकुर लोहार ना.प्र.नं. २२३५/१३१२ जारी मिति २०४४/१२/०८ मात्र उल्लेख रही रोक्का देखिदैन भनी लेखि आएको देखिन्छ । देवाही गोनाही न.पा. वडा नं. ५ को च.नं. ५७८ मिति २०८१/०९/२५ गतेको पत्रबाट ज.ध. महन्थ ठाकुर र निजको एकमात्र श्रीमती रामवतीया देवीको मृत्यु पछि हक खाने निजहरुको जायजबाट छोराको जन्म नभई दुई जना छोरी बुधिया देवी र धनमन्ती देवी भई यी दुवै जनाको सामाजिक परम्पराअनुसार विवाह समेत भई मृतकहरुको शेषपछि हक खाने यीनिहरु बाहेक अरु कोही नजिकको हकदार नरहेकोले माथि उल्लेखित जग्गा बुधिया देवी र धनमन्ती देवीको नाममा संयुक्त नामसारी गरि दिन सिफारिस भई आएको हुँदा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदिकाहरुको हक पुग्छ कि पुग्दैन ? कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गाहरु हाल कस कसको हकभोगमा रहेको छ ? निवेदिका र मृतकबिच के नाता सम्बन्ध रहेको छ ? ज.ध.को के-कति छोरा-छोरी छन्? सो जग्गा कुनै किसिमले बिक्री वितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? धनमन्ती देवीको नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेखित बुवाको नाम मोहन ठाकुर र ज.ध. महन्थ ठाकुर लोहार दुवै नाम गरेको एउटै व्यक्ति हुन् कि फरक व्यक्ति हुन् ? माग अनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन् ? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ ।

# आत्मनिर्भर बनाउन जीवनोपयोगी सीप सिकाइँदै



भोजपुर।टेम्केमैयुङगाउँपालिकाले महिलालाई उद्यमशीलसँगै आत्मनिर्भर बनाउन सीपमूलक कार्यक्रममा जोड दिएको छ । गृहणी भएर घरायसी काममा मात्र समय बिताउँदै आएका महिलालाई सीप प्रदान गरेर उद्यममा जोडिन उत्प्रेरित गरेको हो ।

गाउँपालिकाले अचार बनाउने, ढाकाको कपडा बुनाई, सिलाइकटाइ, बेमौसमी तरकारीखेतीलगायत सीपमूलक कार्यक्रम सञ्चालन गर्दैआएको छ । महिलालाई आत्माभिर्नरसँगै व्यावसायिक बनाउन 'महिला लक्षित कार्यक्रम'अन्तर्गत विभिन्न सीपमूलक तालिम प्रदान गरिरहेको गाउँपालिकाकी उपाध्यक्ष रमादेवी राईले बताउनुभयो । आफ्नो पहलमा महिलालाई आवश्यकताका आधारमा, ढाका बुनाई, सिलाइकटाइ, अचार बनाउने, बेमौसमी तरकारीखेती गर्नेलगायत सीप प्रदान गरिएको उहाँको भनाइ छ। सीप सिकेर व्यवसायमा लाग्न चाहने महिलालाई गाउँपालिकाले आवश्यक प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिरहेको उहाँले बताउनुभयो । गाउँघरमा पाउने कच्चा पदार्थको सदुपयोग गर्दै व्यावसायिकसँगै उद्यमशील बनाउन २७ महिलालाई अचार बनाउने सीप प्रदान गरिएको छ । बाहिरबाट विषेशज्ञ प्रशिक्षक ल्याएर गाउँपालिकाका नौवटै वडाका महिलालाई अचार बनाउने तालिम समेत दिइएको छ ।

आफ्नै ठाउँमा दक्ष प्रशिक्षकबाट सीप सिक्न पाउँदा खुसी लागेको टेम्केमैयुङ-४ नागीकी सम्झना राईले भन्नुभयो । सात दिनसम्म सहभागी भएर लिएको सीपले व्यावसायिक रूपमा अचार बनाएर आत्मनिर्भर बन्न सहयोग पुगेको उहाँको भनाइ छ । सीप लिएसँगै भावी दिनमा समूह निर्माण गरेर व्यावसायिक अचार उद्योग सञ्चालन गर्ने सोच बनाएको राईले बताउनुभयो ।

> आफ्नै ठाउँमा दक्ष प्रशिक्षकबाट सीप सिक्न पाउँदा खुसी लागेको टेम्केमैयुङ-४ नागीकी सम्झना राईले भन्नुभयो । सात दिनसम्म सहभागी भएर लिएको सीपले व्यावसायिक रुपमा अचार बनाएर आत्मनिर्भर बन्न सहयोग पुगेको उहाँको भनाइ छ ।

"आफ्नै ठाउँमा सीप लिन पाउँदा खुसी लागेको छ", उहाँले भन्नुभयो, "सीप नुहँदा घरायसी काममा समय बितिरहेको थियो । सीप भएपछि आफ्नै ठाउँमा पाउने विभिन्न कच्चा पदार्थबाट अचार बनाएर राम्रो आम्दानी लिन सकिने रहेछ । सिकेको सीपलाई व्यवहारमा ल्याएर काम गर्ने मेरो लक्ष्य छ ।"

सातदिने अचार बनाउने तालिम लिएपछि व्यावसायिक बन्न साहस बढेको स्थानीयवासी क्षमादेवी राईले बताउनुभयो । तालिम लिएपछि गाउँघरमा सहजै पाउने कच्चा पदार्थबाट कसरी आयआर्जन गर्न सकिनेरहेछ भन्ने ज्ञान पाएको उहाँको भनाइ छ ।

सीप लिन इच्छुक महिलालाई गाउँघरमा पाउने कच्चा पदार्थ अमला, अकबरे खुर्सानी, तामा, लप्सीलगायत ११ प्रकारका अचार बनाउने सीप प्रदान गरिएको प्रशिक्षक सकुन्तला प्याकुरेलले बताउनुभयो ।

तालिमका सहभागी महिलाले गाउँघरमा नै पाउने कच्चा पदार्थबाट व्यावसायिक रूपमा अचार उद्योग सञ्चालन गरेर आत्मनिर्भर बन्न सक्ने उहाँको भनाइ छ ।

झापामा अचारको उद्योग सञ्चालन गरिरहेकाले यहाँ उद्योग सञ्चालन भएको खण्डमा त्यसको बजारीकरणमा आफूले सहयोग गर्ने उहाँले बताउनुभयो । अचार भण्डारण तथा प्याकेजिङ, ब्रान्डिङ गर्न सकेको खण्डमा देश तथा विदेशसम्म निर्यात गर्न सकिने प्याकुरेको भनाइ छ । रासस

## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/११/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लघुउद्यम कर्जा अन्तर्गत लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने एवं ऋणी तथा सम्बन्धित पक्षबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना | |
|---|---|
| **१. नाम : कामनी देवी कर्ण**<br>ना.प्र.नं. ३९६९६२०३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६०/०८/१०<br>पतिको नाम : शत्रुधन लाल कर्ण<br>ससुराको नाम : जयदेव लाल कर्ण<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. ८ | **२. नाम : इन्दु देवी**<br>ना.प्र.नं. १७११०२/क७४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६४/०२/०१<br>पतिको नाम : रंजन ठाकुर<br>ससुराको नाम : बैजनाथ ठाकुर<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. ४ |
| **३. नाम : किरण देवी चौधरी**<br>ना.प्र.नं. २५५९, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५६/०५/३०<br>पतिको नाम : वजरंग चौधरी<br>ससुराको नाम : किशोरी चौधरी<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. ४ | **४. नाम : मालती कुमारी**<br>ना.प्र.नं. ४२७४२७९५, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४७/१०/२७<br>पतिको नाम : जितेन्द्र कुमार कर्ण<br>ससुराको नाम : जयदेव लाल कर्ण<br>ठेगाना : सर्लाही जिल्ला, कविलासी वडा नं. १<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. ४ |
| **५. नाम : मृदुला देवी**<br>ना.प्र.नं. ३९६९५३३४, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०७/१७<br>पतिको नाम : धर्म मण्डल<br>ससुराको नाम : पुलकीत मण्डल<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. २ | **६. नाम : बविता मिश्र**<br>ना.प्र.नं. ५५७१३९७१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५०/०६/२४<br>पतिको नाम : वालवोध मिश्र<br>ससुराको नाम : जगविर मिश्र<br>ठेगाना : महोत्तरी जिल्ला, धमौरा वडा नं. ३<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. ९ |
| **७. नाम : बिना देवी झा**<br>ना.प्र.नं. ३२१०५८/३१४२, जि.प्र.का. रौतहट<br>जारी मिति : २०६६/११/२६<br>पतिको नाम : कर्मदिव्य झा<br>ससुराको नाम : कमल कान्त झा<br>ठेगाना : महोत्तरी जिल्ला, मर्यादपुर वडा नं. ५<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. ४ | **८. नाम : विणा देवी दास**<br>ना.प्र.नं. १५९३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६२/१२/२१<br>पतिको नाम : विमल कुमार दास<br>ससुराको नामः राम पृत दास<br>ठेगाना : धनुषा जिल्ला, दुहवी वडा नं. ९<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. ४ |
| **९. नाम : मधु कुमारी झा**<br>ना.प्र.नं. ३२६३८७६९, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५८/०२/१७<br>पतिको नाम : जय कुमार झा<br>ससुराको नाम : लक्षोदेव झा<br>ठेगाना : धनुषा जिल्ला, घोडघास वडा नं. ६<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. २४ | **१०. नाम : वुधनी देवी विन**<br>ना.प्र.नं. १७३००२/४६७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१०/२१<br>पतिको नाम : भरत मुखीया विन<br>ससुराको नाम : वौएलाल विन<br>ठेगाना : धनुषा जिल्ला, जनकपुर वडा नं. १९<br>हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. १९ |
| **११. नाम : रिंकु कुमारी कर्ण**<br>ना.प्र.नं. ९८९४४७३९, जि.प्र.का. धनुषा, जारी मिति : २०६९/०६/१७<br>पतिको नाम : ज्ञानेन्द्र कुमार कर्ण, ससुराको नाम : महेन्द्र प्रसाद कर्ण<br>ठेगाना : धनुषा जिल्ला, सोनीगामा वडा नं. ४, हाल : धनुषा जिल्ला, जनकपुर वडा नं. १ | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०५१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# तालिम पाएपछि महिला च्याउखेतीतर्फ आकर्षित

बन्दीपुर । बन्दीपुर गाउँपालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा २५ किसानलाई च्याउ उत्पादनसम्बन्धी तालिम दिएपछि उनीहरू च्याउखेतीतर्फ आकर्षित बनेका छन् । तालिम लिनेमा गाउँपालिकाका ६ वडाका १९ महिला समेत छन् ।

उत्पादित च्याउ बिक्री गरेर आम्दानी लिनथालेपछि उनीहरू आत्मनिर्भर बन्न थालेका छन् । तालिमपछि किसानलाई च्याउ उत्पादन गर्न बीउ, टनेलका लागि प्लास्टिक र ग्रोइङ ब्यागजस्ता सामग्री गाउँपालिकाले उपलब्ध गराएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत यादवराज आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले रु एक लाख ५० हजारमा च्याउखेतीका लागि



तालिम, बीउबिजन, प्लास्टिक र ग्रोइङ ब्यागजस्ता सामग्री उपलब्ध गराएको थियो ।

गत पुसमा तालिम लिएपछि २४ किसानले ३.६ मेट्रिक टन च्याउ उत्पादन गर्ने लक्ष्यका साथ काम गरिरहेका कृषि शाखाका अभिषेक भट्टराईले जानकारी दिनुभयो । उनीहरूले उत्पादन गर्न थालेको च्याउ स्थानीय बजारमा खपत हुँदै आएको छ । च्याउबाट लक्षित गरिएको उत्पादन हुँदा रु सात लाखसम्म आम्दानी किसानले गर्न सक्ने भट्टराईको भनाइ छ ।

तालिमपछि च्याउखेतीतर्फ लागेकी बन्दीपुर गाउँपालिका-५ फलामडाँडाकी सपना गुरुङले रु ६ हजार बराबरको च्याउ बेचेको बताउनुभयो ।

उत्पादित च्याउ गाउँमै बिक्री भएको र घरखर्च चलाउन सहयोग पुगेको उहाँको धारणा छ । गाउँमा सामान्य खेती किसानीमात्र गर्दा जीविकोपार्जनमा गाह्रो भएको सुनाउँदै गुरुङले कम मेहनतबाट पनि नगद आम्दानी गर्न सकिने बताउनुभयो । रासस

## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय चन्द्रपुर, रौतहटको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/११/२६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुडिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **अनवर हुसैन** (ना.प्र.नं. ३८६३, जारी मिति २०५३/१/२५, जि.प्र.का. रौतहट) ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **अन्जारुल हुसेन चुडिहार** (ना.प्र.नं. २१२२, जारी मिति २०५९/११/१३, जि.प्र.का. रौतहट) । | २. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **इन्साद हुसेन** (ना.प्र.नं. ३२-०१-७३-०९५८६, जारी मिति २०७३/११/२६, जि.प्र.का. रौतहट) । |
| ३. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुडिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **म. अमजद हुसेन चुडिहार** (ना.प्र.नं. १५४, जारी मिति २०६२/०४/१०, जि.प्र.का. रौतहट) । | ४. अदालत मिया चुरिहारको नाति, ल्याकत मिया चुडिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **समसाद आलम** (ना.प्र.नं. ३२१०७३-६९८५, जारी मिति २०६८/०३/०१, जि.प्र.का. रौतहट) । |
| ५. अदालत मिया चुरिहारको बुहारी, ल्याकत मिया चुरिहारको पत्नी, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **जगीया खातुन** (ना.प्र.नं. ........, जारी मिति ........., जि.प्र.का. रौतहट) । | ६. ल्याकत मिया चुरिहारको बुहारी, अनवर हुसैनको पत्नी, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **जैबून नेशा** (ना.प्र.नं. ३२१०७३/५६८, जारी मिति २०६८/०४/२३, जि.प्र.का. रौतहट) । |
| ७. सागर मियाको नाति, अदालत मिया चुरिहारको छोरा, रौतहट जिल्ला, साविक कर्कच कर्मैया गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, देवाही गोनाही गा.पा./न.पा. वडा नं. ६ बस्ने **ल्याकत मिया चुरिहार** (ना.प्र.नं. १०६० जारी मिति २०३५/०५/३०, जि.प्र.का. रौतहट) । | |

**धितोको विवरण**

१. अनवर हुसैन (ना.प्र.नं. ३८६३, जारी मिति २०५३/०१/२५, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कर्कच गा.पा. वडा नं. ५ ख स्थित कि.नं. ११४० को क्षेत्रफल ०-१-० (बि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. ल्याकत मिया चुरिहार (ना.प्र.नं. १०६० जारी मिति २०३५/०५/३०, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक कर्कच गा.पा. वडा नं. ५ ख स्थित कि.नं. ७६१ को क्षेत्रफल ०-१-८ (बि.क.धु) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको विवरण**

**२.** रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड ठेगाना रहि आद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ५ तथा औद्योगिक व्यवसाय नियामावली, २०७६ को नियम ४ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा मिति २०७६ साल पौष महिना ०८ गते रोज ३ मा दर्ता नं. ७४२३/४२०/११७/२८ कायम भएको तथा आन्तरिक राजश्व कार्यालय, सिमरा र करदाता सेवा कार्यालय, गौरमा मिति २०७६/०९/०८ मा स्थायी लेखा नम्बर (PAN) ६१२७१०७३१ अन्तर्गत दर्ता कायम भएको **आर.वि.आई. ईट्टा उद्योग** ।

**व्यक्तिगत जमानतकर्ताको विवरण**

| | |
|---|---|
| १. वासुदेव साह कलवारको नाति, शिवनाथ प्रसाद साहको छोरा, रौतहट जिल्ला, साविक महमदपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५ बस्ने **अशोक कुमार जयसवाल** (ना.प्र.नं. ३२-०६-७५-००५८९, जारी मिति २०७५/०३/१२, जि.प्र.का. रौतहट) । | २. वासुदेव साह कलवारको बुहारी, शिवनाथ प्रसाद साहको पत्नी, रौतहट जिल्ला, साविक महम्मदपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५ बस्ने **शारधा देवी** (ना.प्र.नं. ३२३०७२/५८९, जारी मिति २०६३/११/२८, जि.प्र.का. रौतहट) । |
| ३. गोबर्धन साहको नाति, वासुदेव साह कलवारको छोरा, रौतहट जिल्ला, साविक महम्मदपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, गरुडा न.पा. वडा नं. ५ बस्ने **शिवनाथ प्रसाद साह** (ना.प्र.नं. ३२/२४२९, जारी मिति २०५५/११/२३, जि.प्र.का. रौतहट) । | |

**धितोको विवरण**

१. शिवनाथ प्रसाद साह (ना.प्र.नं. ३२/२४२९, जारी मिति २०५५/११/२३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक महम्मदपुर न.पा./गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८८ को क्षेत्रफल ०-१-८ (बि.क.धु.), रौतहट जिल्ला, साविक महम्मदपुर न.पा./गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ ख स्थित कि.नं. ४३, ४२, ३० र ७७ को क्षेत्रफल क्रमशः ०-०-६, ०-०-६, ०-२-१० र ०-०-१६$^{३/४}$ (बि.क.धु.) तथा रौतहट जिल्ला, साविक महम्मदपुर न.पा./गा.वि.स. वडा नं. ५ नक्सा सिट नं. ५ क स्थित कि.नं. २५५ र २५६ को क्षेत्रफल क्रमशः ०-१-१० र ०-१-१० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. शिवनाथ प्रसाद साह (ना.प्र.नं. ३२/२४२९, जारी मिति २०५५/११/२३, जि.प्र.का. रौतहट) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रौतहट जिल्ला, साविक बगही न.पा./गा.वि.स. वडा नं. ३ स्थित कि.नं. ११६७ को क्षेत्रफल ०-१-१३$^{१/२}$ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. आर.वि.आई. ईट्टा उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : चन्द्रपुर, रौतहट
फोन नं. ०५५-५४०६३०
Website : www.siddharthabank.com

## जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटलः

# जनकपुरधाममा प्रमुख स्वास्थ्य सेवा प्रदायक

जनकपुरधाम । जनकपुरधामको हृदयमा स्थित एक प्रमुख स्वास्थ्य सेवा संस्थान, जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटल, जनकपुरधाम आसपासका हजारौं बिरामीहरूको लागि उच्च गुणस्तरीय चिकित्सा सेवा प्रदान गर्ने एक प्रमुख केन्द्रको रूपमा स्थापित भएको छ । लगभग दुइ दशकदेखि यो अस्पताल स्वास्थ्य सेवा क्षेत्रमा अग्रणी स्थानमा रहेको छ र जनकपुरधाम क्षेत्रका बासिन्दाहरूको लागि एक भरोसायोग्य र सस्तो स्वास्थ्य सेवा प्रदायकको रूपमा परिचित छ । १०० शैयाको निजी अस्पतालको रूपमा कार्यरत, यो अस्पताल जनकपुरधामको एक मात्र ठूलो अस्पताल हो जसले आधुनिक चिकित्सा सेवा र विशेषज्ञ चिकित्सकहरूको टीम प्रदान गर्दै आएको छ।

जानकी हेल्थकेयरको स्थापना विशेष गरी गुणस्तरीय चिकित्सा सेवा र स्वास्थ्य शिक्षा उपलब्ध गराउने उद्देश्यले गरिएको अस्पताल संचालकको भनाई छ । समयको साथसाथै यो अस्पताल क्षेत्रको सबैभन्दा प्रमुख चिकित्सा संस्थानको रूपमा विकसित भएको छ र यहाँका विशेषज्ञ चिकित्सकहरूको टोलीले जनकपुरधाम क्षेत्रको स्वास्थ्य सेवा प्रणालीलाई नयाँ उचाइमा पुर्याएका छन्।






### अस्पतालको इतिहास र वृद्धि

जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटलको स्थापना १ वर्षअघि गरिएको थियो र यसको मुख्य उद्देश्य जनकपुरधाम क्षेत्रका नागरिकलाई सस्तो, सुलभ र उच्च गुणस्तरीय चिकित्सा सेवा प्रदान गर्नु थियो । साना अस्पतालको रूपमा सुरु भएको यो संस्थान आज एक ठुलो अस्पतालमा परिणत भएको छ र यसको उपचार सेवामा लगातार विस्तार भएको छ ।

अस्पतालमा अनुभवी र विशेषज्ञ चिकित्सकहरूको टोली काम गर्दै आएको छ र यसले आफ्ना सेवाहरूलाई सुधार्दै, नयाँ प्रविधिहरू र उपचार विधिहरू लागू गर्दै आएको छ ।

### अस्पतालका उपलब्ध सेवाहरू

जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटलमा बिरामीहरूको लागि अत्याधुनिक सुविधाहरू र विशेषज्ञ चिकित्सकहरूको टोली उपलब्ध छन् । यस अस्पतालका प्रमुख सेवा क्षेत्रहरू यस प्रकार रहेका छनः

#### १. २४ सैं घण्टा इमरजेन्सी सेवा

अस्पतालमा २४ सैं घण्टा इमरजेन्सी सेवा उपलब्ध छ, जसले आपतकालीन अवस्थाका बिरामीहरूको शीघ्र उपचार सुनिश्चित गर्दछ । अत्याधुनिक उपकरण र चिकित्सकहरूको समुचित टोलीले इमरजेन्सी विभागमा १० शैयासम्म सेवा उपलब्ध गराउँछ। यस विभागमा सर्जन, फिजिसियन, बालरोग विशेषज्ञ, न्यूरो सर्जन जस्ता विशेषज्ञ चिकित्सकहरू सदैव उपलब्ध रहन्छन्।

#### २. न्यूरो र ट्रा'मा सेवा

जानकी हेल्थकेयरको न्यूरो र ट्रा'मा सेवा जनकपुरधाम क्षेत्रको एक प्रमुख चिकित्सा सेवा हो । डा. प्रधुम्न कुमार यादवको नेतृत्वमा यहाँ मस्तिष्क, मेरुदण्ड र नशासम्बन्धी जटिल समस्याहरूको उपचार र सर्जरी गरिन्छ । न्यूरो सर्जरी, माइक्रोस्कोपिक न्यूरो सर्जरी र अन्य उपचार विधिहरूले बिरामीहरूको उपचारमा ठूलो मद्दत पुर्याउँछन् ।

#### ३. यूरोलोजी सेवा

जनकी हेल्थकेयर क्षेत्रको पहिलो अस्पताल हो जहाँ यूरोलोजी सेवा उपलब्ध छ । किड्नी र पिसाबसम्बन्धी समस्याहरूको उपचारका लागि प्रा. डा. सुधिर सिंहको नेतृत्वमा अत्याधुनिक प्रविधिहरूको प्रयोग गर्दै उपचार सेवा प्रदान गरिन्छ। यहाँ लेजर थेरापी र मिनिमली इन्वेसिव सर्जरीका माध्यमबाट किड्नी र पिसाब नलीका समस्याहरूको उपचार गरिन्छ।




#### ४. स्त्री र प्रसूति रोग सेवा

जानकी हेल्थकेयरको स्त्री र प्रसूति रोग विभागले गर्भवती महिलाहरूको सुरक्षित र स्वस्थ प्रसूति सुनिश्चित गर्दछ । यहाँ पेनलेस डिलीवरी, आपतकालीन सिजेरियन र अन्य जटिल प्रसूति प्रक्रियाहरूको उपचार गरिन्छ। डा. विजय सिंह र डा. आरती साह यादवको नेतृत्वमा यहाँ २४ सैं घण्टा विशेषज्ञ चिकित्सकहरूको टोली उपलब्ध छ।

#### ५. बालरोग सेवा

बालरोग विभागमा डा. सूर्य नारायण यादव र अन्य अनुभवी बालरोग विशेषज्ञहरू डा. शशि भूषण ठाकुर, डा. सुजित यादवका को टोली २४ सैं घण्टा सेवामा उपलब्ध छ । यहाँ नवजात शिशुहरूको उपचारदेखि लिएर बालरोगसम्बन्धी सबै सेवा प्रदान गरिन्छ। अस्पतालका अत्याधुनिक उपकरण र प्रशिक्षित प्यारामेडिकल स्टाफले बालरोग सेवालाई उच्चस्तरीय बनाएका छन्।

#### ६. हाडजोर्नि र नस रोग सेवा

डा. अनिल मिश्रको नेतृत्वमा हाडजोर्नि र नससम्बन्धी समस्याहरूको उपचार गर्नका लागि एक वरिष्ट अर्थोपेडिक सर्जन डा. अमित रन्जन मिश्र तथा रतिस सिंहको अनुभवी टोली काम गर्दै आएको छ। हड्डी र जोर्नी सम्बन्धी समस्याहरूको निदान र सर्जरीका लागि अत्याधुनिक उपकरणहरूको प्रयोग गरिन्छ। उच्च फ्रिक्वेन्सी सि.आर्म मेसिन सहितको अपरेशन थिएटरले यस विभागको क्षमता बढाएको छ।

#### ७. जेनरल सर्जरी र ग्यास्ट्रो सर्जरी

वरिष्ट सर्जन डा. राजेश मंडल, डा. संजयकुमार यादव तथा डा. अश्विनि रन्जन यादवको अगुवाइमा पेट, पित्ताशय र ग्यास्ट्रो समस्या सम्बन्धी सर्जरी सेवामा पनि यस अस्पतालको ठूलो योगदान छ। पित्ताशयको पथरी, एपेन्डिक्स र अन्य पेटका समस्याहरूको उपचार गर्न यहाँ सर्जरी सेवाहरू उपलब्ध छन्।

#### ८. आई.सी.यू. र क्रिटिकल केयर सेवा

सामान्य उपचारको अलावा, अस्पतालमा आई.सी.यू. (इंटेन्सिव केयर यूनिट) पनि उपलब्ध छ। यहाँ भेन्टिलेटर र अन्य अत्याधुनिक उपकरणहरूको मद्दतले गम्भीर बिरामीहरूको उपचार गरिन्छ।

#### ९. निदानात्मक सेवा

अस्पतालमा विभिन्न अत्याधुनिक निदान उपकरणहरू उपलब्ध छन्, जसले रोगको पहिचानमा मद्दत पुर्याउँछन्। डिजिटल एक्स-रे, सी.टी. स्क्यान, इकोकार्डियोग्राफी, रक्त परीक्षण जस्ता सेवाहरू यहाँ उपलब्ध छन्।

#### नि:शुल्क सेवा

समाजको कमजोर वर्गका लागि, अस्पतालले नि:शुल्क सेवाहरू पनि प्रदान गरेको छ। प्रत्येक शनिबार गर्भवती महिलाहरूको लागि खोप सेवा, परिवार नियोजन परामर्श र डायलिसिस सेवा नि:शुल्क उपलब्ध गराइन्छ।

### भविष्यमा देखिने योजनाहरू

जनकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटलले भविष्यमा आफ्ना सेवा र सुविधाहरू थप विस्तार गर्ने योजना बनाएको छ। अस्पतालले नयाँ प्रविधिहरूको प्रयोग र उपचार विधिहरूमा सुधार गर्दै स्वास्थ्य सेवा क्षेत्रमा अझ ठूलो योगदान पुर्याउने उद्देश्य राखेको छ।

### स्वास्थ्य शिक्षा र प्रशिक्षण

जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटलमा न केवल उपचारको सेवा प्रदान गरिन्छ, बरु यसले चिकित्सा शिक्षा र प्रशिक्षणमा पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। अस्पतालले मेडिकल र नर्सिङ शिक्षा प्रदान गर्दै, योग्य स्वास्थ्यकर्मीहरूको तयारीमा सहयोग पुर्याउँछ। यस्ता तालिमहरूले समग्र स्वास्थ्य सेवामा गुणस्तरीय सुधार ल्याउने उद्देश्य राख्छ।

जानकी हेल्थकेयर एण्ड टिचिङ्ग होस्पिटल जनकपुरधाम क्षेत्रको प्रमुख स्वास्थ्य सेवा प्रदायक हो। यहाँका विशेषज्ञ चिकित्सक, अत्याधुनिक उपकरण र समर्पित सेवा प्रदान गर्ने टोलिले यस अस्पताललाई जनकपुरधामका नागरिकहरूको पहिलो प्राथमिकता बनाएको छ । अस्पतालले स्वास्थ्य सेवामा लगातार सुधार गर्दै, जनकपुरधामका नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेलिरहेको छ। यस अस्पतालको विश्वस्तरीय चिकित्सा सेवाले जनकपुरधामका बासिन्दाहरूलाई स्वस्थ र सुरक्षित राख्न सहयोग पुर्याइरहेको छ ।

हार्दिक बधाई

जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि.

बजरंग चौक, जनकपुरधाम-८

गुणस्तरीय तथा सुलभ स्वास्थ्य सेवा पुऱ्याउँदै आइरहेको यस क्षेत्रकै पहिलो १०० शैयाको जानकी हेल्थ केयर एण्ड टिचिङ्ग हस्पिटल प्रा. लि. जनकपुरधाम आफ्नो सेवा प्रवाहको १८ औं वर्ष पुरा गरि १९ औं वर्षमा प्रवेश गरेको शुभ उपलक्ष्यमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

नेशनल ह्युमन रिसोर्स डेभलपमेन्ट एकेडमी
जनकपुरधाम, धनुषा

मेडलाइफ फर्मासिटिकल इण्डष्ट्रिज प्रा.लि.
जनकपुरधाम, धनुषा

मारवाडी सेवा समिति
धनुषा

औषधी व्यवसायी संघ
धनुषा

जानकी एकेडमी प्रा.लि.
पर्सा, देवाड, महोत्तरी

युनियन प्रेस
जनकपुरधाम, धनुषा

पंचधुरा सर्जिकल
बर्दिबास, महोत्तरी

जनकपुर CT Scan

Advance CT Scan

सर्लाही टेक्निकल इन्ष्टिच्यूट
जनकपुरधाम, धनुषा

एसोसिएशन अफ प्राइभेट हस्पिटल
एण्ड इन्ष्टिच्यूट नेपाल
धनुषा

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८